साप्ताहिक
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक १८ २०८१ मंसिर १८ गते मंगलबार (Dec. 3, 2024) मूल्य रू. १०/-

न्यायालयको जिम्मा म लिन्छु

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले भनेका छन्- न्यायालयको जिम्मा म लिन्छु । सबैले आ-आफ्ना क्षेत्रको जिम्मा लिउँ । प्रधानन्यायाधीशले कान्तिपुर कनक्लेभ कार्यक्रममा यसो भनेका थिए ।

भनिन्छ, सर्वोच्चदेखि मातहतका अदालतहरूमा न्यायाधीश नियुक्तीमा राजनीतिक हस्तक्षेपले न्यायपरिषदलाई गाह्रो पारिएको छ । प्रधानन्यायाधशिलाई सहज वातावरण बनाइदिन राजनीतिक स्वार्थ तैयार देखिदैन । राजनीतिक हस्तक्षेपमा नियुक्त, सरूवा, बढुवामा हस्तक्षेपकै कारण न्याय सम्पादनमा असर परिरहेको अनुभूति छ । प्रधानन्यायाधशिलाई हनुमान बनाउन, एक्लो बृहस्पति बनाउन राजनीतिक क्षेत्र उद्दत रहेको छ ।

देउवा र ओलीको मिलाप !

ओली-देउवा राजनीतिक सम्बन्ध, मिलाप विश्लेषक भन्छन्- माया बैगुनी, नभई नहुनी ! तर राजनीतिक बजार गरम छ, ओली सरकार विहानै, बेलुकै, राति, जुनबेला पनि ढल्न सक्छ ।

अहिले भन्न थालिएको छ- चीन भ्रमणवाट फर्कनासाथ सरकार ढल्छ ।

प्रतिपक्षी माओवादी र कांग्रेसका गगन थापावीच जुवारी चलेको छ । गगन भन्छन्- पचण्डले दिनदिनै प्रधानमन्त्री बन्नुस् भनिरहेका छन् । प्रचण्डको जवाफ छ- मैले भनेको छैन, गगन नैतिकहीन नेता हुन्, दया लाग्छ ।

यो जुवारी सुनेपछि लाग्छ, ठूला दुई दलको मित्रता टुट्नेवाला छैन, यो विश्वास फुट्नेवाला होइन । तर हालैका दिनमा भाजपाका नेता जोली निकै दिन काठमाडौं बसे, प्रम ओली र चीनवीच के के होला भनेर बुझे, भारतीय मिडियाहरूमा खबरछ- नेपाल भारतको झोलीमा गयो । अर्थात् भारतले नै सरकार ढाल्नसक्छ ।

मंसिर १६ को पालिका उपनिर्वाचनमा सत्तारूढ दुवै दल एक्लाएक्लै चुनाव लडे । यो चुनावमा कुनै बैमनुस्यता देखिएन । यी दुईवीच कलह भनेकै मन्त्री फेर्ने र चीनसँग वीआरआईमा के के सहमति गर्ने, ऋण लिने कि नलिने भन्ने हो । तर दुवै शीर्ष नेतावीचको भेटमा मतो मिलेको छ ।

पररराष्ट्रमन्त्री छिन्, सभापति देउवा पत्नी । उनी चीन गइन्, फर्किइन् र प्रमसँग चीन गइन् । आरजुलाई चीनले पत्याएको देखिएन । उनले भनिन्- ऋण लिनसक्ने स्थितिमा नेपाल छैन । विपक्षीहरू भनिरहेका छन्- ऋण लिन हुन्न, श्रीलंका र पाकिस्तानमा जस्तो ऋणमा डुब्ने स्थिति आउँछ । विश्लेषक भन्छन्- कतिपय आयोजना सित्ते बनाइदिन्छ भने पनि सित्ते लिन हुन्न भनेर विरोध गर्ने निस्कन्छन् । न त नेपाल ऋण चाहिदैन भन्ने स्थितिमा छ, न सबैकुरा सित्ते चाहियो भन्न नै सक्छ । नेपाल भूराजनीतिमा यसरी जेलिएको छ कि यतिबेला नेपाललेचलाखी पूर्ण कुटनीतिक चरित्र देखायो भने विश्वशक्तिको प्रतिस्पर्धाकै कारण नेपालले धेरै ठूलो प्रगति गर्नसक्छ ।

एमाले फुटेर नेकपा स बन्यो, त्यो आफै फुट्ने स्थितिमा भएकाले एमाले फेरि फुट्नेवाला छैन । देउवा र ओलीवीच २ वर्ष ओलीले सत्ता चलाउने र त्यसपछि देउवालाई सत्ता हस्तान्तरण गर्ने बलियो सहमति छ । यो सहमतिमा जतिसुकै अमिलो निचोर्ने प्रयत्न भए पनि त्यसले भर विश्वास फाट्नेछ भन्न सकिने अवस्था छैन ।

देउवा र ओलीवीचको मित्रता ३० को दशकमा केन्द्रीय कारागारबाट सुरू भएको हो । जेलको बसाइदेखि उनीहरूबीच आपसमा भावनात्मक सम्बन्ध छ । देउवाको निष्कर्ष छ- एमालेभित्र जेसुकै होस्, ओलीसँग गरेको सहमतिबाट दायाँबायाँ नहुने र ओलीले धोका नदिने निश्चित छ ।

०५४ सालमा महाकाली सन्धि पारित गर्ने सन्दर्भमा देउवा र ओलीको केमिस्ट्री भऩ मिलेको थियो । देउवालाई ओलीको दह्रो साथ थियो, त्यो गुण देउवाले बिर्सेका छैनन् । ०५९ सालमा प्रधानमन्त्री बन्दा वा एमसीसी पारित गर्दा दुवैको एउटै मतो थियो । मिलेका थिए ।

ओलीको मात्र होइन, देउवा मुछिएका भ्रष्टाचारका ठूला ठूला पकरणमा दुवै नेता एक दोस्रामा नरम बनेका छन । अन्य व्यक्तिगत लाभहानी र स्वार्थमा पनि दुवै मिलेका देखिन्छन् । देउवा र ओली भेट हुनासाथ मिल्छन् र मित्रालाप सार्वजनिक हुने गरेका छैनन् । मित्रालाप गोप्य रहन्छ । संयुक्त सरकारले गर्ने नियुक्तीहरूमा दुवैको चोचोमोचो मिलेको छ । बजारमा दुबैवीच, दुबै पार्टीवीच विवाद भएको कुरा सुनिए पनि त्यस्तो होइन भन्छन् देउवा र ओली निकटेहरू ।

प्रधानमन्त्रीबाट बर्खास्त हुँदा चिढ्ने अवस्था बाहेक दुबैवीच थप तिक्तता छैन । त्यो तिक्तता यतिबेलाको ओलीको सत्ताले पखालिदिएको छ । यो भरविश्वासको साइनो आत्महत्या कि लोकतान्त्रिक ? समयले किटान गर्ला ?

बीआरआई घाँटीको हाड कि कोसेढुंगा ?

नेपालका प्रधानमन्त्रीको चीन भ्रमणमा जाँदानेपाल चीनको काखीमुनी घुस्रियो भन्नेसम्मका समाचार आए ।

प्रम पहिले भारत जानुपर्थ्यो भन्नेदेखि नेपाल र चीनवीच बीआरआईमा सम्झौता हुन्छ हुन्न, के के सम्झौता हुनेछ ? भन्नेसम्मका तरङ्गले राजनीतिक र कूटनीतिक वृत्तमा चर्चा व्यापक छ ।

पार्टी, नेता, अर्थविद, विज्ञ, विशेषज्ञहरूले बीआरआईमा नेपालको अधिकतम हित हुनेगरी सम्झौता गरेर आउन प्रमलाई बल दिन सकेनन् । भला कतिपय मामिलामा सत्तासाझेदार नेतावीच सहमति भयो, यही बलमा प्रम केपी ओलीले चीन भ्रमण सुरू गरेका छन् र समकक्षी तथा राष्ट्रपति सी चिनफिङसँग वार्ता गर्नेछन् ।

नेपालले अनुदान, ऋण लिन हुन्छ, मुख्य सवाल त्यो दुरूपयोग हुनेछैन, विश्ववैंकको स्तरमा हुनेछ भन्ने हो । र, नेपालले कुनै पनि आयोजनामा ऋण वा अनुदान जे लिए पनि पूर्वाधार विकास (प्रविधि हस्तान्तरण सहित) मा चीनको वीआरआईलाई अधिकतम उपयोग गर्नु हो ।

दक्षिण वा प्रतिस्पर्धीले भूराजनीतिको मुद्दा बनाएका छन् । हामी त्यो मुद्दातिर होइन, देशहिततिर हेर्नुपर्ने अवस्था छ । नेपालले वीआरआईलाई अधिकतम विकास गर्न सकिन्छ भन्ने दृष्टिले हेर्नु जरूरी देखिन्छ ।

हेक्का रहोस्, ठोस रणनीतिसहित चीनसँग वार्ता गर्दा बीआरआई नेपालको हिम्मत बढाउने कोसेढुंगा हुनसक्छ ।

हामी सबै एकठाउँमा उभिऔं

लुम्बिनीको अभिनन्दन समारोहलाई सम्बोधन : हाम्रो राष्ट्रको अस्तित्वमाथि आज खिया लाग्दै गईरहेको छ । हामी सबै एकै ठाउँमा उभिऔं...मार्गचित्र तयार गरौं ।

पूर्वराजा जता जान्छन्, उतै जनसागर उर्लिन्छ । लोकतन्त्रमा टाउको गन्ने हो भने पार्टी, नेताभन्दा राजा लोकप्रिय छन् । तर राजा भनेको राजा नै हुन् । सान, मान, इज्जत, ताकत, विश्वास, देशभक्ती, धार्मिक, सांस्कृतिक शक्तिको प्रतीक मात्र होइन, देशको अभिभावकीय दायित्व सम्झेर सबै मिलेर देश निर्माण गर्ने मार्गचित्र बनाउन आह्वान गरिएको देखिन्छ । यो आह्वानको आदर गरौं ।

पूर्वराजाले हरेक अभिनन्दनमा पटक पटक अभिव्यक्त गरेका छन्- आफूलाई देश बचाउन आग्रह गरेको सुनेको छु । म कतै गएको छैन । सदासदा नेपालीका साथमा छु, नेपालभित्रै छु । नेपालीहरूको सुख-दुःख, सुविधा, असुविधा, बाधा-पीडा तथा हिजोआजको अवस्थालाई नजिकैबाट नियालिरहेको छु ।

सबै राजनीतिक दलहरूलाई सार्वजनिक आह्वान गर्दै पूर्वराजाले भनेका छन्- *'नेपालको अस्तित्वमाथि खिया लाग्दै गइरहेको छ, हामी झन् परावलम्बी, परनिर्भर बन्दै आफ्नो स्वतन्त्र पहिचानवाट खुम्चिदै गइरहेका छौं । हाम्रो विचारमा यसप्रकार हामी खिइँदै जानु किमार्थ पनि राम्रो होइन । त्यसैले म भन्दछु, आउँ अब हामी सबै एकै ठाउँमा उभियौं अनि सोचौं र सबै कुराको समीक्षा गरेर एउटा राम्रो मार्गचित्र तयार गरौं । देश हामीले नै बनाउने हो - हाम्रै श्रोतसाधनको परिचालन गरेर देशको समृद्धि हामीले नै अघि बढाउने हो ।'*

बुद्धको शरणमा परेर, शान्ति र समृद्धिको कामना गर्नु र लथालिङ् बन्दै गएको अवस्था सुधार्न सबैलाई मिलेर अघि बढ्न आह्वान गर्नु एउटा अभिभावकको प्राथमिक कर्तव्य हो, जुन पूरा गर्ने पइास भएको छ । तर राजनीतिक नेताहरूले यो आह्वानलाई आत्ममन्थनका साथ स्वीकार गर्नु राष्ट्रिय कर्तव्य हुन आउँछ । साथ गुमाएको राजनीतिक नेतृत्वले आत्ममन्थन गरून् । पूर्वराजाले भनेका छन्-

पवित्र लुम्बिनी क्षेत्रको यो समथर सुन्दर नगरीमा आएर, केही शब्द बोल्ने मौका मिलेकोमा खुशी लागेको छ । आयोजक प्रवन्धकर्ता सबैमा धन्यवाद ।

नेपाल, बुद्ध जन्मेको देश, सगरमाथाको देश, सनातनी वैदिक संस्कृति विविध धर्म र सभ्यताको देश । अनि अनेक श्रोत साधन सम्पदाले भरिपूर्ण भएको समृद्धशाली देश । यस्तो सुन्दर, यति मनोरम यतिका सम्पदा र कतिकति मूल्यमान्यता तथा सभ्यता भएर पनि आज हामी कता कता हराइरहेका छौं, कता कता हारिरहेका छौं ।

म जता जाउँ जहाँ पुगौं, जनआवाज उठेको सुन्छु, मलाई आउ हाम्रो देश बनाउ र देश बचा, देशको सभ्यता र समृति बढाउ । यहाँ खडा भएर भन्दछु- म बोलिरहेछु, देश बनोस्, देश बचोस् भन्ने आफ्ना पुर्ख्याली भावना इच्छा आकांक्षा पोखिरहेछु । म कतै अन्त गएको छैन, सदा सदा नेपालीका साथमा छु । नेपाल भित्रै छु, नेपालीहरूको सुख दुःख, सुविधा असुविधा, बाधा पीडा तथा हिजोआजको अवस्थालाई नजिकैबाट नियालीरहेको छु ।

समाज, कानुन र व्यवस्था विना अस्तित्वमा रहनु हुँदैन । देश सुहाउँदो र बलियो आविष्कारहरू मार्फत अगाडि बढ्नु पर्छ । तर आज देश जर्जर भएको छ । बेरोजगारी, गरिबी, शैक्षिक कमजोरी र बाध्यकारी परिस्थितिले लाखौं युवाजनशक्ति विदेशिएको छ । देशको माया नभएर होइन, अवस्था बिग्रिएर असन्तोष, आक्रोश तथा विवश भएर हाम्रो युवा जमात बाहिरिएको हो । यस्तो अवस्थाको अन्त हुनुपर्दछ । देशमै उत्पादन, उद्यम, इलम, सीप, शिषा र सभ्यताको नयाँ अध्याय खडा गर्नुपरेको छ । देशलाई खोक्रो पार्ने गरी चलिरहेको आजको चलन चल्तीमा व्यापक हेरफेर र सुधार गर्नैपर्दछ ।

राष्ट्रिय उत्सादह प्रतिभाको महान निवास हो । वीरता, पराक्रम, पुरूषार्थ र उच्च मूल्य मान्यतामा रहेको हाम्रो गौरवशालीदेश अहिले सबैले हेप्ने, सबैले छड्के आँखाले हेर्ने, अपमानित जस्तो बन्दै गएको स्वाभिमानी जनताको अनुभूति छ । हाम्रा बुढापाका, अनुभवीहरूको विचार भन्नुपर्दा हाम्रो राष्ट्रको अस्तित्वमाथि आज खिया लाग्दै गइरहेको छ । हामी झन परावलम्वी, परनिर्भर बन्दै आफ्नो स्वतन्त्र पहिचानवाट खुम्चिदै गइरहेका छौं । हाम्रो विचारमा यसप्रकार हामी खिइँदै जानु किमार्थ पनि राम्रो होइन ।

सदाचारी राजनीतिको युग बितिसकेको छ । हामी चिसो बहानामा बाँचिरहेका छौं । नेपालभित्र बस्ने र गरिने राजनीतिक तथा शासकीय परिवर्तनमा कुनै न कुनै प्रकारले दायाँ बायाँ भित्र तथा बाह्य शक्तिको टेको चाहिन्छ भन्ने एउटा भाष्य पनि हामीकहाँ छ तर हामीलाई लाग्दछ नेपाल राष्ट्रको एकीकरणदेखि आधुनिकीकरणसम्मको यावत प्रकृयामा हामी नेपालीहरूकै बुलबुता र आफ्नै राष्ट्रिय भावधारावाटै सम्पादन भई आएका हुन् । त्यसैले के गर्दा र के कस्तो विधि व्यवस्था बदल्दा हाम्रो राष्ट्रिय मान्यता बन्छ अनि कसप्रकार अघि बढ्दा नेपाल र नेपालीको सर्वोत्तम हित हुन्छ, त्यो हामी आफैले तय गर्ने विषय हो । हामी सबैको दृढ पयत्न यसै अनुरूप हुनुपर्दछ भन्ने हामीलाई लाग्दछ ।

त्यसैले म भन्दछु, आउँ अब हामी सबै एकै ठाउँमा उभियौं अनि सोचौं र सबै कुराको समीक्षा गरेर एउटा राम्रो मार्गचित्र तयार गरौं । देश हामीले नै बनाउने हो - हाम्रै श्रोतसाधनको परिचालन गरेर देशको समृद्धि हामीले नै अघि बढाउने हो ।हामी मात्र ठीक अरू बेठीक हाम्रो वाटो मात्रै सुविटो अरूको कुवाटो भन्ने द्वन्द्व, विग्रह, विवादवाट उठेर हामी नेपालको माटो र नेपाली वाटो समातेर हिंडौं । हामी सबैको भविष्य, सुख शान्ति यसैमा छ ।

बिगतको सबै दुःख बिसिदेउँ, मायाले मायालाई भरिदेउँ, घृणाको आगो कतै जलाइ देउ, पहिले यो आगोलाई मिले निभाई देउ, भाग्यको सिमा हुँदैन, हुनु पनि हुँदैन । अब भाँचिएका टुक्राहरू जोडिदेउँ, उत्पीडनको गुनासो कहिलेसम्म सुन्ने, पहिले अन्याय अत्याचारमुक्त गरिदेउँ, अनुहार फेरि फेरी षडयन्त्र नगर, त्यस्ताको चालबाट आफूलाई बचाइदेउ, सबैमा फेरि एकपटक हाम्रो धन्यवाद ।

बच्चैदेखि बाइबल पढाइँदै

संविधान लेख्दैमा खुस्किएका कुरा

नेपालको संविधान
Constitution Of Nepal

दुई दुईपल्ट संविधानसभाको निर्वाचन गराएर र ८ वर्ष लगाएर लेखिएको संविधान असफल भएपछि अब संशोधन गर्ने वहसमा पुगेको छ ।

यो संविधानलाई जारी गर्न १५ दिन पल्लोस् भनेर तत्कालीन भारतीय विदेश सचिव र हालका विदेशमन्त्री एस जयशंकर काठमाडौं आएर दवावी अनुरोध गर्दा पनि तत्कालीन नेतृत्वले मानेन र फास्टट्र्याकवाट जारी गरियो । त्यसपछि भारतले संविधानको स्वागत गरेको छैन, बाँकी विश्व पनि भारतकै मार्गमा रहेको छ । नेपालीले नाकाबन्दीसमेत झेल्नुपर्‍यो ।

यही संविधान लेखनमा खुस्किएका प्रावधानले गर्दा मंसिर १६ गते खाली रहेका पालिकाका मेयर, सदस्यहरूको चुनाव गर्नुपरेको छ । विकास बजेट छैन,राहत र सहयोग जनतालाई छैन, चुनावमा अनावश्यक खर्च गर्नुपरेको छ ।

संविकानमा मेयर अथवा वडा अध्यक्षको पद कुनै कारणले रिक्त हुन गएमा उपमेयर र ज्येष्ठ सदस्यले चलाउने भनेर नलेख्दा उपचुनाव गर्नुपरेको हो । चुनावमा यति ठूलो खर्च छ कि त्यो खर्चको आउटपुट जिरो छ । संविधान संशोधन गर्नका लागि त्यत्ति प्रावधान संलग्न गराउन सके अनावश्यक उपचुनावी झण्झट र खर्चवाट मुक्ति मिल्ने थियो, खर्च विकासमा लाग्नेथ्यो ।

त्यसै पनि यो व्यवस्थाले अवस्था फेर्न नसकेको आरोप छ, चेत कता गयो ?

प्रेम सिंह बस्न्यातद्वारा खुलासा

इतिहासको खोजबिन

डा.केआई सिंह काठमाडौं कब्जा नगरी भाग्नु परेको वास्तविक कारण

नेपाली काङ्रेस भित्रको किचलोको कारण डा. केआई सिंहले विद्रोह गरेका थिए । लेखिए अनुसार उनी सच्चा देशभक्त सिपाही थिए । भैरहवा क्षेत्रमा उनले गरेको विद्रोह नेपाली सेनाले नियन्त्रण गर्न सक्ने स्थिति छँदाछँदै पनि मातृका सरकारले भारतीय सेना बोलाएर नेपाली सेना समेतको संयुक्त प्रयास बाट केआई सिंह र उनको टोली समाप्तिएका थिए ।

डा.केआई सिंह लाई समातेर सिंह दरबारमा राखिएकोमा उनले काङेसकै मुक्तिसेना (रक्षा दल ?) लाई मन जितेर सेन्ट्री मा बसेका ती मुक्ती सेनाले केआई सिंह लाई जेल मुक्त हुन सघाए ।

त्यसपछी उनले काठमाडौं लाई झन्डै झन्डै नियन्त्रणमा लिए । अन्य जेल खोलेर उनका सहयात्रीहरू नेपाली सेनाका घोडा चढी फौजका जमदार भगौडा जमदार राम प्रशाद राई लगायतलाई नक्खु जेलबाट छुटाएका थिए । नेपाली कांग्रेसका नेता वेनी बहादुर कार्की र जर्नेल मेघ बहादुर कार्की का पिता नेपाली सेनाका कप्तान खड्ग बहादुर कार्कीलाई पूर्व (भोजपुर हो वा खोटाङ ?) मा यिनै रामप्रसादले मारेका थिए । लगनखेल ब्यारेकमा कप्तान खड्ग र जमदार रामप्रसाद दाजुभाई जसो गरी मिल्थे (मेघबहादुर जरसाब सँगको वार्ता अनुसार) । कप्तान खड्गको घरमा आउजाउ थियो उनको ।

उनलाई के थाहा थियो भने नेपाली सेनाका हातहतियार, गोलीगठ्ठा काठमाडौं को टुंडिखेल मुनी (टु मु) कोत र टुंडिखेलमाथि (तु मा) कोतमा राखिएको र तीन लाई तुरून्त कब्जामा लिएर मातृका सरकारलाई अपदस्त समेत् गर्न सकिन्छ ।

त्यसपछि केआई सिंहको टोली उक्त दुवै कोत घरहरूमा हतियार - गोली कब्जा गर्न गए । हतियार पनि कब्जा गरे । तर हतियारमा गोली भर्ने भाग, गोली पड्काउने पुर्जा लगायत झिकिएका हतियार थिए, कोतमा । अर्थात हतियार पड्कने र प्रयोग गर्ने हालतमा थिएनन् । त्यसपछि केआई सिंह र उनको टोलीलाई आपत पऱ्यो । उनीहरूले केही गर्न नसक्ने भए पछी भागेका थिए ।

हतियार किन त्यस्तो हालतमा थिए त ?

क) जब वि स १९४२ सालमा धीर सम्सेर राणाका १७ भाई मध्य उमेर पुगेका छोराहरू मिली काका श्री ३ रणोद्दिप सिंह राणाको हत्या गरी वीर शम्सेर श्री ३ बने, त्यस पछीका दिनहरूमा अब सेनाका हतियार गोली गठ्ठा लगायतलाई नियन्त्रण मा राख्न ती हतियारको गोली भर्ने ठाउँ, नट, बोल्ट, फायरिङ्ग गर्ने पिन लगायत छुट्याएर फरक फरक ब्यारेकमा राखिन्थ्यो ।

ख) ती फरक फरक स्थानका साँचो खोल्न ३ जनासँग (३ साँचो श्री ३ को आदेशमा को कस्ले राख्ने साँचो ? कृपया सुझाव दिनु होला) भएको साचो संकलन गरेर मात्र कोतहरू खोल्न सम्भव थियो । श्री ३ को आदेस मा मात्र ती कोत खुल्थे । वास्तवमा श्री ३ हरूले आफु मरियला भनेर बनाइएको व्यवस्था अर्थात सतर्कता थियो । हातहतियार नियन्त्रण गर्ने मामिलामा यसलाई मैले सही काम ठानेकोछु । यदि कोतमा राखिएका हातहतियार गोली हाल्न र पड्काउन मिल्ने साबुद भएका भए केआई सिंहले सत्ता परिवर्तन गर्ने बलियो सम्भावना थियो भन्ने कुरालाई नकार्न सकिन्न । माथिका विवरण मैले दोश्रो विश्व युद्धका मिलिटरी क्रस (एमसी) कर्नेल बल बहादुर सिलवाल खत्रीका छोरा कर्नेल झँक बहादुर सिलवालबाट पाएको हुँ ।

यस्तो छ निर्माण व्यवसायीको पीडा

ठेकेदारका पीडा आआफ्नै छन् । जो प्रचण्डका घरबेटी हुन्, उनलाई सबै ठगठाग क्षम्य छ । जो अन्य ठूला ठेकेदार हुन्, तिनलाई पनि छुट छ । पप्पु कन्स्ट्रक्शनले काठमाडौं कालिमाटीमै पुल बनाएर छाडिदियो, पुल गुणस्तर भयो भन्ने प्रमाणित पनि छ, तर सरकारको नाकै मुनी त्यो पुल बेकम्मा भएर असरल्ल छ । कालिका कन्स्ट्रक्शनले बबईको पुल बनायो, पुल भाँचियो, उसलाई पनि कानुनले छोएन ।

निर्माण व्यवसायीले अरवौं भुक्तानी पाएनन् भनेर भुक्तानी दिने तरखरमा सरकार लागेको छ । यति नै बेला एक ठेकेदारले मुख खोलेका छन्, कांग्रेस र एमालेका ट्रेड युनियनमा आबद्ध कर्मचारीका कारण धेरै ठेकेदारहरू पीडामा छन् । उनले भनेका छन्- ठेक्का आफ्नो कम्पनीले पाउनका लागि घूस दिनुपर्छ । ठेक्का परेपछि एडभान्स लिन, कामको आदेश पाउन र इन्जिनियरदेखि कर्मचारी खुशी पार्न घूस नै दिनुपर्छ । काम गर्दै जाँदा बील बनाउनु पऱ्यो, बील बनाउन इन्जिनियरदेखि कर्मचारीसम्मलाई खुशी पार्न एड्भान्स कमिशन दिनुपर्छ । त्यसपछि बील भुक्तानीका लागि एकाउण्टटेन्टदेखि हाकिमसम्म सबैलाई पैसा दिनैपर्छ । अनेक कारणले गर्दा समयमा काम गर्न सकिदैन । कामको म्याद थप्नलाई, म्याद थपिएपछिका अनेक झमेला सल्टाउन इन्जिनियरदेखि कर्मचारीसम्मलाई घूस नै दिनुपर्छ । ठेकेदारका अनेक समस्या छन्, खराब ठेकेदार होइन, इन्जिनियरदेखि कर्मचारीसम्म घुस्याहलाई पाल्नका लागि ठेकेदारले गाली खाएका छन् ।

अनि कसरी समयमा काम हुन्छ ? काम गर्ने वातावरण नै छैन । पार्टीले, सरकारले, नेताले शान्ति र समृद्धि भनेर हुन्छ ? भित्रभित्रै घूस संस्कार भएपछि ।

प्रम ओलीको चीन भ्रमणमा देखिएका अन्यौलहरू

डा. केशव देवकोटा

प्रधानमन्त्री केपी ओली छिमेकी चीनको भ्रमणका क्रममा हुनुहुन्छ । त्योभन्दा पनि आज मंसिर १८ गते बेइजिङमा शुरूमा चीनका प्रधानमन्त्रि ली छ्याङ र त्यसपछि त्यहाँका राष्ट्रपति सि जिन पिङसँग हुने नेपालका प्रधानमन्त्रि ओलीको भेटवार्ताले सबैको ध्यान आकर्षित गरेको छ । प्रम ओलीको यस पटकको भ्रमणकाक्रममा बहुचर्चित बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अघिबढाउन सहमति हुने प्रचार गरिएपनि त्यो सही होइन । किनकी नेपालले सन् २०१७ मा चीनसँग संभौता गरेको बीआरआईका कतिपय बुँदाहरूमा नेपालले संशोधनगर्ने प्रस्ताव गरेको छभने त्यसलाई चीनले स्वीकार गरिसकेको छैन । जसको निर्णय आज हुने नेपालका प्रधानमन्त्रि ओली र चीनका राष्ट्रपति सिको वार्ताले टुंगो लगाउने छ । नेपालले सन् २०१४ मै सो परियोजनामा सैद्धान्तिक सहमति जनाउँदै सन् २०१६ को मार्च २९ मा ट्रान्जिट ट्रान्सपोर्ट एग्रिमेन्टहुँदै सन् २०१७ को मे १२ मा बिआरआई परियोजनामा हस्ताक्षर गरेको थियो । तर, नेपालले सो परियोजना अझै पनि कार्यान्वयनमा ल्याउन नसकेपछि चीन गंभिरभएको देखिएको छ । सो परियोजना कार्यान्वयनमा आउन नसकेकोभन्दा पनि त्यसलाई कार्यान्वयनमा ल्याउन नेपालका सरकारहरूले गरेको आलटाल आफैमा बुझिनसक्नु विषय भएको छ । नेपाल र चीनका उच्च सरकारी अधिकारीहरूबीच सन् २०१७ यता भएका हरेक भ्रमण र छलफलहरूमा बीआरआईको विषय उठ्ने गरेपनि त्यसले कुनै किनारा लिन सकिरहेको छैन । हालसम्म सो परियोजनाका बारेमानै कुनै टुंगो नलागेकाले त्यसको कार्यान्वयन टाढाको विषय हुनपुगेको छ । परियोजनाको मोडालिटीका बारेमानै सरकारमा रहेका नेकां र एमालेकाबीचमा विवाद रहँदैआएको छ । बिआरआई परियोजनाअन्तर्गत नेपालले प्रस्ताव गरेका परियोजनाहरूमा रसुवागढी-काठमाडौं सडक स्तरोन्नति, किमाथाङ्का सडक, दीपायलबाट चिनियाँ नाकासम्मको सडक, टोखा-विदुर सुरूङमार्गसहित सडक, गल्छी-रसुवागढी-केरूङ ४०० केभी प्रसारण लाइन, केरूङ-काठमाडौं रेलवे सम्भाव्यता अध्ययन, तमोर जलविद्युत परियोजना, फुकोट कर्णाली जलविद्युत परियोजना र मदन भण्डारी विश्वविद्यालय रहेका छन्र। सन् २०१७ यता बिआरआईमा सम्झौता भएका दुईवटा परियोजना यसअघिको सरकारले अर्को छिमेकी भारतलाई निर्माणगर्न दिएको भनिए पनि ति कुन कुन परियोना हुनभन्ने कुरालाईसमेत गोप्य राखिएको छ । जसलेगर्दा भोलीका दिनमा बीआरआई परियोजना कार्यान्वयनमा व्यवधान आउनसक्ने संभावना पनि छ । गत असार १७ गते नेकां र एमालेबीच नयाँ सरकार गठनको सहमति हुँदैगर्दा नै नेपाली कांग्रेस पक्षले बीआरआई नलिने भनेको थियोभने एमालेले बीआरआईको कार्यान्वयनगर्ने भनेको थियो ।

पछिल्लो समयमा त्यसलाई विषयान्तर गरेर अनुदान दिए लिने र ऋण भए नलिने भन्दै दरिद्रता प्रदर्शनगर्ने काम भएको थियो । जसलेगर्दा बीआरआई परियोजनाको मोडालिटीमै हालसम्म कुनै टुंगो लागेको छैन । उक्त मोडालिटी तयार गरेर चीनसँग वार्ताको टेबुलमा नबसी अनुदान लिने कि ऋणभन्ने कुरानै हुँदैन । हाल आएर चीनले बीआरआईअन्तर्गत नेपालमा पूर्वाधार विकास, व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल, आर्थिक, सामाजिक साझेदारी, ट्रान्स हिमालयन मल्टी डाइमेन्सल कनेक्टिभिटी नेटवर्कमात्र अघिसारेको भनिएको छ । नेकां र एमालेका बीचमा भएको पछिल्लो सहमतिको मस्यौदामा पूर्वाधार निर्माणलाई मुख्य प्राथमिकतामा राखेर तयार गरिएको पनि भनिएको छ । यसअघि चिनियाँ पक्षले तयार गरेको बीआरआईको दस्तावेजमा राजनीतिक अर्थलाग्ने सिद्धान्त, विचार, अवधारणाजस्ता शब्दको सट्टा पूर्वाधार शब्द राखेर नेपाली पक्षले मस्यौदा तयार गरेको बताइन्छ । तर त्यसलाई चीनले स्वीकारगर्ने कि नगर्ने भन्ने कुरामा अझै अन्योल छ । आगामी दिनमा नेपालमा शुरूहुने चिनियाँ परियोजनाहरू बीआरआईअन्तर्गत हुने भएकाले नेपालले पूर्वाधार विकासलाई जोड दिएको सरकारी दावि छ । सकेसम्म पूर्वाधार परियोजनाहरू अनुदानमा आधारित हुने नेपाल पक्षको प्रस्ताव रहेको देखिन्छ । गतसाता शुक्रबार नेकां र एमाले बीआआईको सहकार्य फ्रेमवर्कका नाममा सम्झौतागर्न सहमत भएको र प्रम ओलीको आज १८ गते चीनमा हुने वार्ताको सम्पूर्ण तयारी सोहीअनुसार गरिएको छ । प्रम ओलीको चीन भ्रमणको अन्तिम समयमा गठन गरिएको दुईदलीय कार्यदलका सदस्यहरूले गत शुक्रबारको सोही सहमतिलाई आधार बनाएर आफ्नो प्रतिवेदन तयार गरेको देखिएको छ । जुन प्रतिवेदन एमालेका अध्यक्ष तथा प्रधानमन्त्री ओली र नेपाली कांग्रेस सभापति शेरबहादुर देउवासमक्ष पेश भएको थियो । उक्त मस्यौदालाई ओली र देउवाले अनुमोदन गरिसक्नु भएको प्रचार गरिएको छ । बीआरआईसम्बन्धी सम्झौताको दस्तावेजमा दुंगो लागेसँगै चीनसँग प्रस्ताव गरिने पूर्वाधार, शहरी विकास र कनेक्टिभिटीसँग सम्बन्धित एकदर्जन परियोजनाको सूची तयार छ ।

जसअनुसार नेपाल पक्षले आज बेइजिङमा हुने वार्तामा टोखा-खहरे सुरूङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-खाँदवारी सडक र पुल, जिलोङ-केरूङ-काठमाडौं सीमापार रेलमार्ग, काठमाडौं-हेटौंडा पोङवे, अमरगढी सिटी हल, जिलोङ-केरूङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्स परियोजना अघिसार्ने भनिएको छ । शुरूमा प्रधानमन्त्रि ओलीको चीन भ्रमण पाँचदिन (१७-२१) को हुने भनिएको थियोभने परराष्ट्रमन्त्रि डा. आरजु देउवाको भ्रमण पनि बेइजिङमै हुने प्रचार गरिएको थियो । तर जब नेपालमा प्रधानमन्त्रि ओलीले गत १० गते आयोजना गर्नुभएको पूर्व प्रधानमन्त्रि तथा पूर्व परराष्ट्रमन्त्रि र अन्तराष्ट्रिय मामिलाका विज्ञहरूसँगको छलफलमा बिवाद भयो, त्यसपछि चिनियाँ पक्षले असन्तुष्टि व्यक्त गरेको देखिएको थियो । नेपालका लागि चीनका राजदूत छन सड्ले परराष्ट्रमन्त्रि डा. आरजुलाईनै भेटेर असन्तुष्टि जनाउनु भएको थियो । त्यसपछि प्रम ओलीको भ्रमण चारदिनको र बेइजिङमामात्र सीमति गरिएको थियोभने डा. आरजु पनि बेइजिङ नभएर छेन्दूमा जानुपर्ने अवस्था सिर्जना भएको थियो । गत शुक्रबार नेपालमा नेकां र एमालेका बीचमा बीआरआइकाबारेमा सहमति नजुटेसम्म चीनको छेन्दूमा नेपालकी परराष्ट्रमन्त्रि डा. आरजु र चीनका विदेशमन्त्रि वाङ यीका बीचमा वार्तानै हुनसकेको थिएन । त्यसैले छेन्दूमा गत शुक्रबार साँझमात्र दुईपक्षबीचमा संक्षिप्त वार्ता भएको थियो । गत शनिबार परराष्ट्रमन्त्रि डा. आरजुले नेपाल फर्किएर सबै विषय टुंग्याइएको भनेपनि चीनका विदेशमन्त्रि यीलेभने आज १८ गते राष्ट्रपति सिसँग हुने वार्तालेमात्र टुंग्याउनसक्ने संकेत गर्नुभएको थियो । प्रधानमन्त्री ओलीको चीन भ्रमणलगायत विविध विषयमा गत शनिबारनै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शीतल निवासमा छलफल भएको थियो । जहाँ प्रधानमन्त्रीको भ्रमणलाई सहज र सफल बनाउन आवश्यक सबै खालका तयारी भइरहेको जानकारी दिइएको थियो । सो भेटमासमेत प्रम ओलीकासाथै परराष्ट्रमन्त्रि डा. आरजुको उपस्थिति थियो । त्यसक्रममा भ्रमणले नेपाल र चीनबीच विगत लामो समयदेखिको सहकार्य र साझेदारी सम्बन्धलाई थप उचाइमा पुऱ्याउने ढंगले व्याख्या र विश्लेषणहरू गरिएका थिए । त्यसक्रममा राष्ट्रपति पौडेललाई प्रधानमन्त्री ओलीको यस भ्रमणकाक्रममा सम्पर्क सञ्जालको विकास, व्यापार तथा पारवहन, लगानी, पर्यटन, पूर्वाधार विकास, कृषिलगायतका क्षेत्रमा सहयोग आदान-प्रदानका विषयमा थप छलफलसहित सहयोग विस्तार हुने अपेक्षा गरिएको जानकारी गराईएको थियो । त्यसक्रममा बिआरआई परियोजनासहित विविध विषयमा छलफल जारीरहेको पनि भनिएको थियो । प्रम ओलीको यस पटकको चीन भ्रमणका सन्दर्भमा नेपाली कांग्रेस र त्यसमा पनि परराष्ट्रमन्त्रि डा.आरजुको चलखेल अनपेक्षित ढंगले बढी देखियो ।

चीनको छेन्दूमा त्यहाँका विदेशमन्त्रिसँग छलफल गरेर फर्किपछि डा. आरजुका भनाईहरूमा केही परिवर्तन आएका देखिन्थे । त्यसैगरी एमाले वृत्त र खासगरी प्रधानमन्त्रि ओली नेपाली कांग्रेसको चाहनाअनुसार चीन भ्रमणमा जान सहमत हुनुभएको थियो । गत शुक्रबार कांग्रेस र एमालेबीच सहमति भएपछिभने प्रम ओली केही बढी उत्साहित हुनुभएको धेरैले अनुभव गरेका थिए । पछिल्लो समयमा कांग्रेस र एमाले बीआरआई ऋणभन्ने शब्द उल्लेख नगरी अघिबढाउन सहमत भएका छन् । बीआरआईमा सहमति जुटाउन गठित कार्यदलका सदस्यहरूसँग गत शनिबार बालुवाटारमा भएको छलफलमा प्रम ओली उत्साहित हुनु भएको दृश्य देखिएको थियो । भनिन्छ प्रम ओली बीआरआईमा नेपाली कांग्रेससँग दुंगोमा पुग्नुअघि आफ्नो औपचारिक चीन भ्रमणमा ठोस उपलब्धिबारे दुक्क हुननसकेको अवस्था थियो । कतिपयले त कुनैपनि बहानामा प्रम ओलीको चीन भ्रमण रोकिनसक्ने आंकलनसमेत गरेका थिए । हालसम्मका गतिविधिले नेपाल चीनको बीआरआई परियोजना जसरी पनि स्वीकारगर्न बाध्यभएको देखिएको छ । अब सो परियोजना कसरी अगाडि बढ्छ ? त्योभने आज बेइजिङमा हुने वार्ताले निर्धारण गर्ने छ । यता बीआरआईमा ऋण नलिने अवधारणा बनाईएपछि उता पोखरा बिमानस्थल निर्माणका लागि लिइएको ऋणलाई अनुदानमा बदल्ने कुरा ओझेलमा परेको छ । जबकी यसअघि चीन उक्त रकम अनुदानमा बदल्न सकारात्मक बन्दैगएको देखिएको थियो । पोखरा बिमानस्थलका लागि नेपालले चीनको एक्जम बैंकबाट करिब २५ अर्ब ८८ करोड रूपैयाँ (१३३८.७४ मिलियन चिनियाँ युआन) ऋण लिने सम्झौता गरेको थियोर। उक्त ऋणको साँवा भुक्तानी सन् २०२४ को जुन पछिमात्रै शुरूहुने भनिएपनि हालसम्म तिर्न शुरू नगरिएको अवस्था छ । हालसम्म नागरिक उड्डयन पाधिकरणले ब्याजबापत ९७ करोड ८२ लाख १४ हजार ९६८ भुक्तानी गरिसकेको सरकारी तथ्यांक छर। नेपाली कांग्रेस र माओवादी केन्द्रको इन्डोपश्चिमा शक्तिको नेपाल नीति कार्यान्वयन गराउने रणनीतिलेगर्दा नेपाल र चीनबीचको सम्बन्धमा केही दरारको अवस्था देखिएको हो । प्रम ओलीको यो चीन भ्रमणले त्यसमा केही सुधारगर्ने अपेक्षा गरिएको छ ।

मुक्तक लेख्ने प्रयासहरू : बिर्सिदिए मुटु अचानो भइहाल्छ

वाक्य फुटाउन नसक्नु कमजोरी मेरै थियो
आँखा जुधाउन नसक्नु कमजोरी मेरै थियो
बुझ्ला त्यो मनले भन्दाभन्दै वर्षौं बितिसकेछ
तिमीलाई बुझाउन नसक्नु कमजोरी मेरै थियो ।

- मीना चौलागाईं

काँडै काँडाको बिचमा पनि रमाउन सक्छौ भने
कुल्चेको फूललाई शिरमा सझाउन सक्छौ भने
माया गर्छु भनेर बारम्बार भनिरहनु पर्छ र मैले
यो मनको घाउमा मलम लगाउन सक्छौ भने ।

- अर्जुन अधिकारी

त्यो रात अनि रमाइलो कसरी भुल्नु
लाजै लाग्ने भड्भाईलो कसरी भुल्नु
अन्जानमै पहिलो पल्ट प्रेम उत्सवमा
हामीले टेकेको पाइलो कसरी भुल्नु ।

- योगेश नेपाल अनन्त

कति ठाउँमा हारिने रैछ हार्नुहुन्न भन्दाभन्दै
कैयौं सपना त्यसै मर्छन् मार्नुहुन्न भन्दाभन्दै
रहरहरू अधुरै, सपनाहरू भत्किन्छन् बारबार
कसैलाई नि अप्ठ्यारोमा पार्नुहुन्न भन्दाभन्दै ।

- पार्वती अधिकारी

हिड्यो भने ठाउँ बिरानो भैहाल्छ
बिर्सिदिए मुटु अचानो भैहाल्छ
सम्झना मात्रै हुन् नयाँ नयाँ मीठा
भेटेपछि मान्छे पुरानो भैहाल्छ ।

- खगेन्द्र गिरी कोपिला

गच्छे अनुसार उपहार रूमाल चिनो दिएँ
जतन साथ फाटेको मुटु चुपचाप सिएँ
गरीब हुनु कसको यहाँ दोष थियो हजुर
दुःख हुँदा पीडा चपाउदै विष पनि पिए ।

- अम्बिका अधिकारी

नयाँ विचार लिएर अगि बढौं कि भन्दैछु म पनि
असल भन्नेहरू नै खराब हुन् कि ठान्दैछु म पनि
अझै केही समय परिक्षण गर्नु छ बाँकी सबै कुरा
किन छोड्नु पुरानो विचार भनेर मान्दैछु म पनि ।

- जेबी खत्री

सबैभन्दा चोखो त हुनुपर्छ मान्छेको मन
चिन्ता गर्नु हुँदैन नभए पनि आफ्नो धन
धनको पछाडि लाग्ने हुन्छन् धेरै स्वार्थी
तिमी मन परेको हेरेर मात्र त हैन है तन !

- पवनकुमार बुढाथोकी

समस्या बिना समाधान, कहिं पनि भेटिदैन
लक्ष रहित गन्तव्यको, गोरेटो नै भेटिदैन
चिन्न निकै गाह्रो पर्छ, कपट छवि हुनेहरू
ठम्याउन सके बेलैमा, खुसीको गला रेटिदैन ।

- गीताश्री शर्मा

योग्य मान्छेले सदा क्षमताको उपयोग गर्छ
अयोग्यल मानिस जहिल्यै बाध्यताको प्रयोग गर्छ
जब पलाउँछ आस्था तब छाउँछ मनमा चन्द्रमा
उदार दिललेमात्र नित्य, दीनदुखीलाई सहयोग गर्छ ।

- महेशराज खरेल

सुन लगाएको सबैले देख्छन् गुन लाएको देख्दैनन्
बाहिरको घाउ सबैले देख्छन् मुटु खाएको देख्दैनन्
बन्चरोले रूखको हाँगोको बिड बनाएर काटेझैं
विश्वासी आफ्नैबाट विश्वासघात पाएको देख्दैनन्

- लीला दाहाल

फुलेपछि ओइलिएर फूलले झर्नैपर्छ
जानीजानी मालीले नि स्याहार गर्नैपर्छ
नगर्नु भो सम्पत्ति र रूपको घमण्ड,
जन्मेपछि एकदिन हामी पनि मर्नैपर्छ ।

- जीविका अश्रु

तीन सर्जकलाई त्रिमूर्ति पुरस्कार

तीन मूर्धन्य साहित्यकारलाई त्रिमूर्ति पुरस्कारको घोषणा गरिएको छ । त्रिमूर्ति निकेतनले ६ दशकदेखि नेपाली भाषासाहित्यको श्रीवृद्धिमा समर्पित रहँदै छन्दकविताको रचना र छन्दकाव्यको प्रचार अभियानमा संलग्न रहनु भएका स्रष्टा रामबाबु सुवेदीलाई 'लेखनाथ काव्य पुरस्कार' प्रदान गर्ने निर्णय गरेको छ ।

साहित्यकार बालकृष्ण समको व्यक्तित्व र कृतित्वमाथि महत्त्वपूर्ण दस्तावेज प्रस्तुत गर्दै नेपाली भाषासाहित्यको सेवामा समर्पित सर्जक प्रा.डा.सावित्री कक्षपतीलाई 'बालकृष्ण सम पुरस्कार' र भाषासाहित्यको श्रीवृद्धिमा साधनारत डा. बेज्जु शर्मालाई 'देवकोटा काव्य पुरस्कार' प्रदान गर्ने निर्णय भएको छ । त्रिमूर्ति निकेतनका सदस्य सचिव नरेन्द्र राज प्रसाईले जारी गर्नुभएको विज्ञप्ति साहित्यजगतमा यो खुशीको सूचना आएको हो । विज्ञप्तिका अनुसार यी पुरस्कारकासाथ नगद राशि जनही एक लाख रूपैयाँ प्रदान गरिने उल्लेख छ । निकेतनका अध्यक्ष इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको बताइएको छ ।

होम कार्कीलाई अनेसास शिखर पुरस्कार

२०८१ मङ्सिर ११, काठमाडौं । अनेसास शिखर पुरस्कार, दोहा, कतारले साहित्यकार एवं पत्रकार होम कार्कीलाई अनेसास शिखर पुरस्कार प्रदान गऱ्यो । सो पुरस्कार कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कलाकार मदनदास श्रेष्ठले प्रदान गर्नु भएको थियो । नगद ३३,३३३/- राशिसहित सम्मानपत्र, दोसल्ला, टोपी र मालासहित कार्कीलाई सम्मान गरिएको थियो ।

कान्तिपुरमा आबद्ध कार्कीको सनैया उपन्यास प्रकाशित रहेको छ भने यस अघि नवोदित अवार्डबाट पनि कार्की सम्मानित भइसक्नु भएको छ । मकवानपुरका कार्कीले कतार बस्दा पुऱ्याउनु भएको योगदानको लागि यो पुरस्कार प्राप्त गर्नु भएको हो ।

२०७७ सालमा स्थापना गरिएको यस पुरस्कारबाट साहित्यकारहरू विनोद खड्का, बद्रीप्रसाद पराजुली र गिरिश्रीस मगर सम्मानित भइसक्नु भएको छ । अनेसास कतारका संस्थापक संयोजक बैद्यले संघ र साहित्यिक वाचनालय स्थापनामा योगदान दिनु भएको छ ।

अनेसास शिखर पुरस्कारका अध्यक्ष कवि प्रेमप्रसाद भट्टराईको अध्यक्षतामा आयोजित सो कार्यक्रममा पुरस्कार समितिका सदस्य, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्व अध्यक्ष साहित्यकार राधेश्याम लेकालीले कार्यक्रमको उद्देश्य र महत्वमाथि प्रकाश पार्दै पुरस्कार, अनेसास कतार र पुरस्कृत सर्जकबारे आफ्नो स्वागत मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, अध्यक्ष प्रेमप्रसाद भट्टराई, अनेसास पूर्व अध्यक्ष मोहन सिटौला, अनेसास केन्द्रीय निवर्तमान उपाध्यक्ष साहित्यकार रेनुका सोलु र सर्जक रमेशानन्द वैद्य लगायतले आआफ्नो मन्तव्य राख्नु भएको थियो ।

अनेसास कतारका अध्यक्ष गजलकार लेख कार्कीले सहजीकरण गर्नु भएको सो कार्यक्रममा साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष वरिष्ठ सर्जक नरेन्द्रबहादुर श्रेष्ठ, अनेसास केन्द्रीय पूर्व महासचिव कवि सुरेन उप्रेती, अनेसास पुरस्कार समितिका सदस्य कवि दीपा राई पुन, साहित्य पोस्टका सम्पादक अश्विनी कोइराला, अनेसास दर्पणका कार्यकारी सम्पादक रमेश दाहाल, अनेसास कोरियाका पूर्व अध्यक्ष कवि प्रमोद सारङ, अनेसास पोर्चुगलका महासचिव कवि एन बी अन्जान, अनेसास नेपालका महासचिव कवि रन्जना निरौला, महासचिव, साहित्यकारहरू प्रज्वल अधिकारी, शेखर बस्नेत, चर्चीत दुंगेल, पत्रकारहरू सूर्य सुवेदी, दिनेश रेग्मी, दिपक पुडासैनी, महेश्वर नेपाल, गणेश बञ्जाडे, गणेश क्षेत्री, अनेसास शिखर पुरस्कारका सदस्य कवि कला भट्टराई, चाँदनी शर्मा लगायतको उपस्थिति रहेको थियो ।

अभिनेता कृष्ण मल्ललाई चारसंस्थाको सम्मान

नेपाल फिल्म सोसाइटीको १२ औं साधारण सभाबाट नव निर्वाचित अध्यक्ष वरिष्ठ अभिनेता कृष्ण मल्ल सोसाइटीको केन्द्रीय अध्यक्षमा पुनः निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँ र सम्पूर्ण नव निर्वाचित पदाधिकारी तथा सदस्यलाई एस एस फाउन्डेशनको तर्फबाट अध्यक्ष मदनदास श्रेष्ठ, साहित्यिक पत्रकार संघको तर्फबाट अध्यक्ष राधेश्याम लेकाली, उप्रेती

सेवा समाजका तर्फबाट कोषाध्यक्ष खेम उप्रेती र वस्याल - राउत फाउन्डेसन (अमेरिका) को तर्फबाट प्रतिनिधि हेम पाठकबाट बधाई पत्रसहित सम्मान गरिएको छ । गीतकार एवं समाजसेवी शोभित उप्रेतीले कार्यक्रममा सहजीकरण गर्नु भएको थियो ।

सोसाइटीको प्रथम उपाध्यक्षमा निर्माता मोहनकृष्ण श्रेष्ठ, द्वितीय उपाध्यक्षमा नारायण प्रधान र तृतीय उपाध्यक्षमा राकेश खड्का, महासचिवमा राजेन्द्रकुमार बिसुराल, सचिवमा टङ्गनाथ पौडेल र कोषाध्यक्षमा शङ्करलाल श्रेष्ठ, सहकोषाध्यक्षमा दुर्गा बिशुराल र सदस्यहरूमा सुनिल कटुवाल, मदुकुमार श्रेष्ठ, गोपालकाजी कायस्थ, शिवहरि बैरागी, शर्मिला मल्ल, आरपी पन्त र सुभाष खड्का चयन हुनुभएको छ ।

विभीषिका

लघुकथाकार रञ्जुश्री पराजुलीको विभीषिका नामक लघुकथासङ्ग्रह २०८१ मा प्रकाशित भएको छ । यसअघि घाइते मनीप्लान्ट नामक लघुकथासङ्ग्रह २०७६ मा र जिउँदो सतीप्रथा नामक लघुकथासङ्ग्रह २०७८ मा निस्केको थियो । यस कृतिभित्र उनले लेखेका कान्छो छोरा, त्यो दिन, विभीषिका, उमेर, बराबर, बिहेको मूल्य लगायत विभिन्न शीर्षकका ३१ वटा लघुकथाहरू राखिएका छन् । ३१ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको कान्छो छोरा शीर्षकको पहिलो लघुकथामा स्वदेशका डाँडाकाँडामा ट्रेकिङ्ग गर्ने मेरो बाल्यकालदेखिकै इच्छा हो । त्यस बेलादेखि जमाइरहेको इच्छा आफू पूर्णरूपले स्वतन्त्र भएपछि पुराभयो भनिएको छ । यस कृतिको नामसँग जुधेको विभीषिका शीर्षकको लघुकथामा दिन रात अन्धाधुन्ध गोला बारूदको गड्याङगुडुड, धुवाँ, धुलोले वातावरण स्तब्ध बनेको थियो । उनको आँखा अगाडि टोल छिमेकका घरहरू ढलेर मान्छेहरू थिचिएका छन् ।

लघुकथा भन्ने शब्दले छोटो कथा भन्ने अर्थ दिन्छ । बराबर शीर्षकको लघुकथामा तिमी सबैकुरा काम गर्नेको घरमा छोडी दिन्छौ । लोग्नेलाई के कस्तो मीठो लाग्छ, त्यति हेर्न, पकाउन सक्दैनौ ? भनिएको छ । यसभित्र लेखिएका लघुकथा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार रञ्जुश्रीले मनन गरेकी छिन् । बिहेको मूल्य शीर्षकको लघुकथामा तीज सकिएलगत्तै आउने अर्को ठूलो चहाडको चाँसो मिलाउन घरमुलीलाई हम्मे परेको थियो । यसैबर्ष छोराछोरी दुबैको बिहेको लगन पनि जुरेको थियो । घरमुली आमालाई कसरी व्यवस्था गरौं भन्ने चिन्ता लागेको थियो । एकदिन छोराले आफूले मन पराएको केटी खुसुक्क भित्रयायो । लघु कथासङ्ग्रह विषयवस्तुका हिसाबले बहुमुखी छन् । राजनीति, विसङ्गति, सामाजिक विकृति, आर्थिक विपन्नता, बौद्धिक दयनीयता, सांस्कृतिक विचलन जस्ता कुराहरूमा लघुकथाहरूमा व्यङ्ग्य गरिएको छ । भाषा सरल छ । कसिएको छ । प्रस्तुति मिठो छ । सुरम्य छ । लघुत्व छ । सङ्क्षिप्त छ । पढ्दा आनन्द आउँछ ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल

अरूणबहादुर खत्री

तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ । तीजको रमाइलो शीर्षकको लघुकथामा यो साल रमेलाको बिहेपछि तिजको पहिलो वर्ष हो । माइती गएर साथीसङ्गतिहरूसँग रमाउँदै, मीठो पकाएर दर खाने, नयाँ दुलहीको नयाँ गहना पहिरन लगाएर पशुपति जान नपाए पनि घर नजिकैको शिवमन्दिर जाने भनेर मन पुलकित भइरहेको थियो भनिएको छ ।

वचनबद्धता शीर्षकको लघुकथामा जन्म दिने आमा र जन्मभूमि स्वर्ग समान हुन् । यो भनाई सबैले प्राथमिक पाठशालादेखि सुन्दै आएको हो भनिएको छ । महालक्ष्मी पूजा शीर्षकको लघुकथामा महालक्ष्मी पूजाको साइघेको दिन थियो । यसपाली घरकी मुली सन्तोषी आमा विरामी भएकीले नित्य पूजामा सहभागी हुन सकिनन् । उनलाई डाक्टरले समयमा खाना खाने, कुनै दवाई खानाभन्दा पहिले, कुनै खानासँगै खाने दिएको थियो लेखिएको छ । उनले लेखेका लघुकथामा व्यङ्ग्यचेत प्रखर भएर आएको देखिन्छ । समाजका बिसङ्गति-असङ्गति तथा विकृति माथि व्यङ्ग्य प्रहार गर्नु प्रमुख अभिप्रय रहेको छ । प्रस्तुत लघुकथा सङ्ग्रहका देश, काल र परिस्थितिहरू समसामयिक समाज मैत्री परिवेश रहेका छन् ।

यस सङ्ग्रहभित्रको न्वारान शीर्षकको लघुकथामा नवराजलाई सबैको प्रिय हुन पाएकोमा गर्व लाग्दथ्यो । उनले भविष्यमा ठूलो सहर पसेर सङ्गीतको क्षेत्रलाई नै आफ्नो पेसा बनाउने सङ्कल्प बोकेका थिए । यस



सङ्ग्रहमा सामाजिकता प्रायः सबै कथामा कुनै न कुनै रूपमा पाइन्छ । अमर शहीद कथामा धनको आडमा रोग लागेर मर्ने पनि शहीदको नाम पाएका छन् भन्ने व्यङ्ग्य, उमेर, बुढ्यौली आदि कथामा केही हदसम्म मनोविज्ञानको प्रयोग पाइन्छ ।

कथा आफैमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । अर्थात् लघुकथा कथाको संक्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्म विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार रञ्जुश्रीको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने आशा गरेको छु ।

प्रकाशकः नमस्ते आधुनिक लघुकथा मञ्च, चितवन, संस्करणः प्रथम, वि.सं. २०८० माघ

मूल्यः रू.२५०।- पृष्ठः ७४ ।

सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

पूर्वराजासँग सहकार्य गर्दा राम्रो

लुम्बिनीमा हजार बुद्धको मन्दिर अर्थात् गौतमबुद्धको जन्मस्थल लुम्बिनी स्थित पाल थुल्तेन सेडुप लिङ गुम्बा (हजार बुद्ध मन्दिर) को उद्घाटनमा पूर्वराजालाई सरिक गराउनु र उच्च सम्मान दिनु सद्राहनायोग्य छ । यो गुम्बा कानिङ सेडुब लिङ गुम्बा संगठन तथा विकास कोष परिवारले निर्माण गरेको हो, यो गुम्बाको मंसिर ७ गते उद्घाटनका अवसरमा पूर्वराजाको जुन प्रकारको परम्परागत सम्मान देखियो, त्यो ऐतिहासिक थियो ।

उद्घाटनका अवसरमा बौद्ध गुरू छोकी निमा रिन्पोछे,ले गुम्बा देश ता विदेशका चन्दादाताहरूको सहयोगबाट हजारबुद्धको महाविहार निर्माण भएको भन्दै अब यसको संरक्षणको दायित्व सबैको भएको बताएका थिए । गुरूले खुशी व्यक्त मात्र गरेनन्, ध्यान र पूजाको वातावरण बनाइदिन सबैसँग आग्रह पनि गरेका छन् । यो मन्दिर निर्माणले नेपालको गौरव बढेको बताए । लुम्बिनीमा हजार बुद्धगुम्बा निर्माण गरेर बुद्ध दर्शनको प्रवर्द्धन र विश्वशान्तिमा टेवा पुग्ने बताए । यो गुम्बा राज्यले नै निर्माण गर्नुपर्ने थियो, रिन्पोछें र विश्वका सहयोगदाताहरूले निर्माण गरेर बुद्ध दर्शनको अध्ययनमा ठूलो योगदान गरेका छन्, अब यो गुम्बाको संरक्षण गर्नुपर्छ भनेर बताए ।

गुम्बा-विहारको उदघाटन लगत्तैको पूजामा पूर्व राजा ज्ञानेन्द्र शाह सरिक भएका थिए । बौद्ध गुरू छोकी निमा रिन्पोछेले पूर्वराजाको हात समातेर आदरका साथ बुद्धका सामु लगेर पूजामा सरिक गराएका थिए ।

पूर्वराजाले बुद्धको पूजा, आराधना र आफ्नो अभिनन्दनपछि बुद्धिको सम्झना गर्दै देशको चिन्ता व्यक्त गरेका थिए । पूर्वराजाले भनेका थिए- हाम्रो राष्ट्रको अस्तित्वमाथि आज खिया लाग्दै गईरहेको छ । जनस्तरमा चिन्ता जगाइरहेका अन्य विषय उठाउँदै पूर्वराजाले सबैलाई गराए । अनि सामयिक आह्वान गरे- हामी सबै एकै ठाउँमा उभिऔं...मार्गचित्र तयार गरौं ।

पहिले पहिले पनि पूर्वराजाले निषेध त्याग्न, विभेद नगर्न र सहकार्यका लागि राजनीतिक पार्टीहरूलाई आह्वान गर्नुभएको थियो । ललितपुर, भक्तपुर, जुम्ला, झापा, नेपालगञ्ज, सुर्खेत धेरै क्षेत्रमा पूर्वराजाको जनअभिनन्दन भइसकेको छ । हरेक अभिनन्दनपछि पूर्वराजाले यसैगरी आह्वान गर्ने गर्नुभएको छ । तर पूर्वराजाको यस्तो आह्वानलाई ठूला राजनीतिक दलहरूले कमजोरी सम्झने गरेका छन्, वास्ता गर्ने गरेका देखिदैनन् ।

यथार्थ के हो भने राजनीतिक दलहरू जनताका नजरमा कसिंगर बन्दै गएका छन् । नेताहरू भ्रष्टाचारको कालोले पोतिएका छन् । नेताहरू एकदोस्रोप्रति यतिविघ्न शत्रुता गरिरहेका देखिन्छन् कि उनीहरू आफूमात्र चोखा हुन् । जनताले कुनै पनि नेतालाई विश्वास गरेका देखिदैन । नेताहरू जनताको मनमस्तिष्कमा विश्वासिला छैनन् । नेतृत्वले विश्वास गुमाइसकेका छन् । यसको मुख्य कारण नेताहरूले जनताबाट पाएको जनमतको बललाई अनादर गर्नु र राष्ट्रिय हितमा काम गर्न नसक्नु हो । व्यवस्थाले जनताको र देशको अवस्था सुधार्न सकेन । यहीकारणले पनि आमनागरिक राजाप्रति आस्थावान बनेर आह्वान गर्न पुगेका हुन् । तर राजा भनेका राजा नै हुन्, राजाले सुभावना राखेर राजनीतिक सहकार्य र सहमतिमा नयाँ मार्गचित्र बनाउन आह्वान गरिरहेकै छन् । यो राजाको कमजोरी होइन, अभिभावकत्व हो ।

राजनीतिले बाटो बिरायो, विश्वास गुमायो । हरेक पार्टी सडकमा छन्, संसद प्रभावकारी भएन, संविधान असफल भएर संशोधनको कुरा उठेको छ । राज्यका आधारहरू खुस्कदै र असफलतातिर अग्रसर छन् । यो अवस्थामा राजाले पुनः सहकार्यको आह्वान गरेका छन्, पार्टीहरूले किन स्वागत नगर्ने ?

अन्याय सहेर मर्ने कि बिद्रोह गरेर बाँच्ने ?

अति भयो । नेताहरूले जनतालाई भ्रम छरेर मूर्ख बनाए, देशलाई ठगे । अनुशासन भङ्ग गरे, चरित्र कायम राख्न सकेनन् । राष्ट्रियतालाई कमजोर पारे । अब समय आयो, आमनागरिकले मोर्चा कस्ने । अन्याय सहेर मर्ने कि बिद्रोह गरेर बाँच्ने ?

राजनीतिक दलहरू आ-आफ्नै स्वार्थमा केन्द्रित भएपछि, देश र जनता राजनीतिक पार्टीको प्राथमिकतामै परेनन् । राजनीतिको प्राथमिकता सत्ता, स्वार्थ र परिवारामात्र भयो ।

जनप्रतिनिधि हौं भन्नेहरू, जनताका लागि राजनीति गरेको दावी गर्ने पार्टीहरू स्वार्थको सिमित घेरामा बन्दी बन्न पुगेका छन् । नेताहरू व्यवहारले देश र जनताको हितमा उभिन नसक्ने राजनीतिक दलहरू जनताका, देशका अपराधी हुन् । यस्ता अपराधीलाई दण्ड दिने, सुधार्ने र जिम्मेवारीमा प्रवृत्त गराउने कर्तव्य अब जनताको काँधमा आएको छ । जब जब राजनीति आफ्नो पवित्र भावनाबाट भड्किन्छ, तब तब राजनीतिलाई सही मार्ग देखाउने जिम्मा आमनागरिकको हुन्छ । नागरिक जाग्ने यस्तै संकटको समयमा हो ।

समय यही हो देश बचाउन, जनताको पहिचानको रक्षा गर्न, मोर्चा कस्ने । जनताले मोर्चा कस्न सकेनन् र राजनीतिक कोर्रा खाएर कायल भइरहे भने अस्तित्व गुमाउन पुग्नेछन् । जनताले जिवन्त बाँच्ने कि मृत्यु ? निर्णय गर्ने बाध्यतामा छन् ।

परिवर्तनपछि नेतृत्वले जे जे निर्णय गऱ्यो जनताले मान्दै गए । जनताले सहदै गए । अब त राम्रो गर्लान् कि, सुध्रेलान् कि, अब त समुद्धमार्गमा लाग्लान् कि, अब त कमिशन र भ्रष्टाचार बाट अलग बस्लान् कि, अब त सुशासन देलान् कि भन्दा भन्दै १८ वर्ष बित्यो । राजनीतिमा लागेकाहरूले राजनीतिलाई व्यापार, मुनाफाको लगानी बनाए, लोकतन्त्र भन्दै परिवारवाद चलाए । घाटा देशको भयो, सकस जनतालाई भयो, शोषण भइरह्यो, देशको दोहन चलिरह्यो । यसरी देश अघि बढ्दैन । जनताले सुशासनको अनुभूति तगर्न पाउँदैनन् । यस्तो लफङ्गो, सुकुलगुण्डो नेतृत्वको चरित्र सुधार्न जनताले बिद्रोह गर्न बाध्य पारिएका छन् ।

जनता नै देश हो, देश नै जनता हो । नेताहरूले जतिसुकै आफूलाई अपरिहार्य ठाने पनि नेता देश होइनन्, देश हुनसकेनन् । नेताले राजनीतिलाई समाजसेवा बनाउनु पर्थ्यो । राजनीतिलाई स्वार्थसिद्धिको साधन बनाईदिए । देशका मार्गदर्शकसम्म पनि नेता भएनन् । आफ्ना पार्टीका घोषणापत्र, आफ्ना भाषणबाजीको समेत इज्जत राख्न सकेनन् । नेपाली जनता, नेपाली परिवेश, प्रकृति, संस्कृति, भूगोलभित्र नेपाल छ । हामी यही आबहवाभित्र नेपाली छौं । हुन त भू एउटै छ, पृथ्वी एउटै छ, ब्रम्हाण्ड पनि एउटै छ । प्रकृति उही हो, हावापानी, माटो हुंगा उस्तै उस्तै छ तर पनि सीमारेखा कोरिएको छ र देश देशको अस्तित्व छ । हाम्रो पहिचान नेपाल हो, हामी नेपाली हौं । नेपाल छ र, हामी नेपाली छौं । बाघ ओढारमा बस्ला, पन्छी गुँडमा । गाई गोठमा बस्ला, माहुरी घारमा । बनमान्छेको पनि बनघर छ, हामी मान्छेको घर हुन्छ । मान्छे बास छ । हाम्रो घर नेपाल हो । देश छ र ओत छ, पहिचान छ । आधार छ, आश र विश्वास पनि छ । ओढार नभए बाघ कहाँ बस्छ, गुँड नभए पन्छी कहाँ बस्ला ? गोठ नभए गाईवस्तुको बिजोग हुन्छ, घार नभए माहुरी हावामा बस्न सक्दैन । देश छ, घर छ र सबथोक छ । देश नभए कङ्गाल, टुहुरो भइनेछ, सबथोक लुटिएको मान्छे बनिनेछ । देश लुटिनुजस्तो पराधीनता अरू के हुनसक्छ ? यसकारण अस्तित्वको सर्वाधिक महत्व छ ।

देश मातृभूमि हो । सीमा कसैले मिच्यो, हाम्रो अधिकार कसैले हड्प्यो अथवा हामीमाथि पराईले होची अघेंली गर्न खोज्यो भने हाम्रो रगत उम्लिन्छ । पुर्पाले रगतमात्र होइन, ज्यानकै बाजी थापेर निर्माण गरेको देश हो यो । बिगतमा धेरै रगत उम्लियो, धेरै रगत पोखियो, धेरै ज्यान गयो । वर्तमानमा पनि युवा रगत उम्लिरहेको छ । रातो रातो रगत उम्लिनुपर्छ, तातो तातो रगत उम्लिनुपर्छ । यो घर, यो देश नेपालीको हो, नेपालीमाथि पराधीनता थोपरेको सहन सकिन्न । नेपालीलाई कुशासनको आगलागीमा पारेको सहन सकिन्न । यसकारण नागरिकमा विद्रोहको आगो सल्किदै छ । यो बिद्रोह डढेलो बन्न जरूरी छ । यो डढेलोले मात्र ऐंजेरूको नास होला । कुशासक किनारा लाग्लान् । भ्रष्ट सकिएलान् । सुशासनको लागि विध्वंश समयको माग बन्न पुगेको छ ।

नेतृत्व कायर असफल र स्वार्थी भयो । यो यथार्थ नागरिकले बुझेका छन् । राजनीति किन पराधीन भइरहेछ ? २१ जिल्लाका ७१ स्थानमा नेपाली ६० हजार हेक्टर भूमि भारतले मिचिसकेछ । लिम्पियाधुरा, कालापानी, लिपुलेको थप १० हजार १९ वर्गकिलोमिटर भूमि नक्सावाटै हरायो । बल्लतल्ल संविधानमा समावेश भयो, त्यो क्षेत्र भारतले आफ्नो नक्सामा मिलाएर सार्वजनिक गरिसक्यो । आफ्नो भूभाग खोज्ने सरकार, खोज्ने संसद, सांसद, खोज्ने पार्टीहरू, नागरिक अभियन्ताहरू सबै मौन छन् । यो मौनता राजनीतिको मृत्यु हो ?

यो मौनता पराधीनता हो । राष्ट्रघात हो । यस्तो राजनीतिलाई हामी अगुवाको सम्मान दिइरहेछौं । देश छ, सबैथोक छ । देश छैन, सम्झिनुपर्छ सबैथोक लुटियो । देश लुटिदा चुपलाग्नुजस्तो अपराध अर्को छैन । हामी किन अपराधीहरूलाई देश जिम्मामा छोडिरहेका छौं ? स्वराजको रक्षाका लागि पनि नागरिक बिद्रोह अपरिहार्य हुनपुगेको छ ।

सुगौली सन्धि पढ्न जरूरी छ । जसले मेची पढ्यो, महाकाली पढ्यो, उसले देश बुझ्यो । किल्ला काँगडा पढेपछि त उसले देश झन बुझ्यो । देश र जनता पढ्नसक्ने मान्छे, मधेस-पहाड-हिमाल पढ्ने व्यक्ति सच्चा देशभक्त हो । ऊ नै सार्वभौमिकताको मालिक हो, स्वाधीनताको पक्षधर हो । जो देशभक्त थिए, जो वीर थिए, तिनले कोरेको वीरगाथा, स्वाभिमानको आत्मगौरव यही हो । आजका हाम्रा नेताहरूमा, हाम्रा अगुवाहरूमा राष्ट्रवादको भावना, विचारमा शून्यता बढ्दै गएको छ । शून्य भाव, विचारलाई हामी महान ठानिरहेका छौं, त्यो कमजोर मानसिकता हो, हुतिहारा-लुते विचार हो । हामी हुतिहारलाई नयाँ नेपाल बनाउने कारिगर मानिरहेका छौं, जनप्रतिनिधि ठानिरहेका छौं । यो भूल नागरिकले स्वीकार्नुपर्छ र अस्तित्वरक्षा गर्न बिद्रोहमा उत्रनुपर्छ ।

हाम्रा नेताहरू किन पनि लुते हुन् भने यिनले नयाँ पुस्तालाई इतिहासको गौरव सिकाउँदै सिकाएनन् । कसरी सिकाउन्, आफै इतिहासको गौरवगाथा मेट्न, च्यात्लतिर लागिपरेका छन् । जो आफै गौरव गर्न सक्दैन, पराईसँग सधैं थुर थुर भएर बस्छन्, उसले वर्तमान र आउने पुस्तालाई देशभक्तिको कसरी शिक्षा दिनसक्लान् ? नेपालको गौरवमय इतिहास जीवित छ, इतिहास कहिले मदैन, हामीले भन्न सक्नुपर्छ, पुर्पाको देशभक्ति अमर छ । पुर्पाको अमरगाथाबाट सन्तानलाई शिक्षित पार्नुपर्छ ।

प्रत्येक नागरिक सिपाही हुन् । सोल्जर । नेपालको अस्तित्व यिनै सिपाहीको काँधमा सुरक्षित हुनसक्छ । आजका अगुवाले देशलाई, देशवासीलाई पीडा दिएका छन् तर निख्खर देशभक्त छन् र तिनले यो देशलाई हाँक्छन् । युवापुस्ताको धारलाई नहेपौं, यही धार हो, जसले देशको भविष्य निर्माण गर्छ । अस्तित्व बचाउँछ र देशभक्ति बढाउँछ । मानव इतिहासमा देशको पूजाभन्दा अर्को ठूलो पूजा छैन । माता, सिर्जना, देश हो । देशको र जनताको सेवामा अब नेपाली भावधारा छिँप्निनुपर्छ । जनताको मन जिल्हेहरू, मत जिल्हेहरूले देश र जनतालाई धोका दिए । प्रतिबद्धता भुले अनि स्वार्थको पापकर्मतिर लागे । जनताको जयजयकार गर्न छाडेर विदेशीका सामु लम्पसार पर्न पुगे । जनता र देशको रगत जुका बनेर चुसिरहे । देशको माटो छोएर सबैले सपथ खाने बेला आएको छ, देशभक्ति त मदैंन, चुल्यै देश भए पनि ।

देशभक्ति र राष्ट्रवाद चहकिलो बन्दैजानु व्यवस्था, संविधानको ओजन बढ्दै जानु हो । १८ वर्षको समयले प्रमाणित गरिसक्यो, यो व्यवस्थाले देश र जनताको अवस्था फेर्न सक्दैन । देश र जनतालाई झन झन कमजोर पार्दै जानेछ । नाम नेत्र बहादुर भएर हुन्न, आँखा भएर पनि विवेक नभएपछि त्यो अन्धो नै हो । व्यवस्था लोकतन्त्र भएर हुन्न, व्यवस्थाले विवेकपूर्ण तरिकाले अवस्था बदल्न सक्नुपर्छ । अवस्था झन झन कमजोर बनाउँदै लगेकाले नेतृत्वमात्र होइन, संविधान र व्यवस्थासमेत असफल भइसक्यो । नेतृत्व इमान नभएको, झूठो साबित हुनपुग्यो । व्यवस्था उत्तम भएर पनि कुशासन बढ्नको कारण नेतृत्वको नियत खोटो भएर हो । राजनीतिक धाराहरू अपवित्र भए, प्रशासन भ्रष्ट बन्दै गयो । देशका कडी खुस्कदै जानु र कमजोर हुनुको कारण पनि यही हो । यस्तो नेतृत्वलाई राष्ट्रिय राजनीतिवाट पन्छाउनै पर्छ । यो जिम्मेवारी नागरिकको हो । नागरिकले नागरिक कर्तव्य निर्वाह गर्नैंपर्छ, जिवन्त हुनका लागि बिद्रोहमा होमिनैपर्छ ।

देशभक्तीका कुरा गर्दा स्वार्थी भ्रष्टहरू अन्धराष्ट्रवाद भन्छन् । राष्ट्र नै सिध्याउनेहरूको यो कथन गलत छ । राष्ट्रवाद राष्ट्रिय शक्ति हुन्छ, जसले राष्ट्रियता बचाउँछ । अग्रगमनकारी राष्ट्रवाद पराईका पाउमा लम्पसार पर्नेहरूले अन्धराष्ट्रवाद भन्छन् । राष्ट्र नै सिध्याउनेहरूको यो कथन गलत छ । राष्ट्रवाद राष्ट्रिय शक्ति हुन्छ, जसले राष्ट्रियता बचाउँछ । अग्रगमनकारी राष्ट्रवाद पराईका पाउमा लम्पसार पर्नेहरूले अन्धो भन्नु यी आफैमा रतन्धो रोगग्रस्त हो । हामीलाई विवेकशील, आत्मबोध गर्नसक्ने, संवेदनशील राजनीतिको खाँचो छ । हामी अग्रगमनमा लागेका छौं, अग्रगमन भनेको राष्ट्रिय नीति हुनुपर्छ, कुनै विदेशीको रातो किताब अथवा समाजवादका खोक्रा नारा अग्रगमन हुनसक्दैन । अग्रगमनमा हाम्रै हिमाल, पहाड, तराईको जनजीवन हुनुपर्छ, त्यही जनजीवनले निर्देशित राजनीति हुनुपर्छ । जुन राजनीतिले देशको जीवनमा जिवन्तता भर्न सक्दैन, त्यस्तो सिद्धान्तमा चलेको राजनीति भनेको ढोङ् हो । हामी लोकतन्त्र नामको ढोङ्मा बाँचिरहेछौं ।

अब ढोङ्मा बाँच्ने समयलाई अन्त गर्नुपर्छ । जनतालाई उपेक्षा गरेर लतार्ने व्यवस्थको काम छैन । लोकतन्त्र लोकतन्त्र भन्ने सुगा गीत मात्र गाएर के गर्नु, भित्र भित्र पराईका निर्देशनमा पुतलीनाच नाच्छन् हाम्रा नेताहरू । जनतालाइ आत्मा भएको लोकतन्त्र चाहिएको छ, मूर्दा लोकतन्त्र होइन ।

देश छ र राजनीति छ । देश छ र सबैथोक छ । देशभक्ती हरेक व्यक्ति, पार्टी सबैले अंगिकार गर्नसक्छन् । गर्नुपर्छ । यो साझा लाभ, सर्वहितको कुरा हो । देश छ र हामी छौं भन्ने भावना हुनुपर्छ । राष्ट्रवादलाई कसैले पनि कुनै तरिकाले लाञ्छित गर्न राष्ट्रघात हो । यस्तै राष्ट्रघातले व्यवस्थामाथि प्रश्नचिन्ह उठेको हो ।

जुनसुकै बादका पार्टी हुन्, पार्टीभित्र देशभक्तिको सुगन्ध फैलनुपर्छ, देशभक्तिलाई दुर्गन्धित पार्नेहरू अर्काका घातक हतियार हुन् भन्ने राजनीति गर्नेले बुझ्नुपर्छ । राजनीति गर, देश सिध्याउने राजनीति नगर । देशभन्दा राजनीति ठूलो होइन । देश छ र देशभित्र राजनीति चल्ने हो । राजनीति बाँच्ने हो । समष्टिमा भन्नुपर्दा समाज परिवर्तन गर्न नसक्ने व्यवस्था र यसका सञ्चालकहरूलाई नागरिक बिद्रोहले खबरदार गर्न सक्नुपर्छ ।

बाँचेर मर्ने कि मरेर बाँच्ने, नागरिकका सामु एउटा मात्र विकल्प छ । नागरिकले निर्णय गर्नैंपर्ने भयो ।



योगी नरहरिनाथका सत्य वचन किन अनुशरण नगर्ने ?

– कविताञ्जली मिश्र

- सम्बन्धित देशको सामाजिक आर्थिक र मानसिकता अनुरूपको विधि र पद्धति हुनुपर्छ न कि विदेशीले जबर्जस्ति थोपरी दिएको ।

- कुनै देशको अस्तित्व समाप्त पार्नु छ भने सबैभन्दा पहिले त्यो देशको धर्म सस्कृति भाषा भेष र मौलिक परम्परामाथि अतिक्रमण गर्नुपर्दछ भन्ने साम्राज्यवादीहरूवाट सचेत हुन् ढिला भइसकेको छ । देशको राजनैतिक अस्थिरताको मूलजड यस्तै साम्राज्यवादीहरूको सुनियोजित षड्यन्त्र पनि एक हो ।

- देश भनेको चारैतिर रेखांकन गरिएको भूभाग मात्र होइन । स्वतन्त्र स्वाधीन देशको आफ्नै मौलिक धर्म भाषा भेष सस्कृति र परमपरा पनि हुन्छ । त्यसमा पनि हाम्रो जस्तो १७ औ जेष्ठ देश नेपालको विशेषता त झन महत्वको हुनु स्वभाविक नै हो । यस्तो संवेदनशील विषयको संरक्षणवाट नै देशको फरक अस्तित्व भएका विविध सम्प्रदायको पहिचानका साथै देश पनि जोगिन्छ । उसलाई खाने बाघले मलाई पनि खान्छ समाजमा एक अर्काको अस्तित्व खोज्न एक अर्काको सहयोगी हुनुपर्छ बाहिरियालाई गुहार्नु हुन्न । आयातित पद्धति भाषा नीतिले देशलाई अगाडी बढ्न दिदैंन ।

- सम्बन्धित देशको सामाजिक आर्थिक र मानसिकता अनुरूपको विधि र पद्धति हुनुपर्छ न कि विदेशीले जबर्जस्ति थोपरी दिएको ।

- वैदिक कालमा आर्यहरूको साम्राज्य थियो । जहाँ एकजना पनि भोका नाङ्गा पिडित असन्तुष्ट रूढी थिएनन् । सम्यक राज्य नै साम्राज्य हो । वैदिक कालमा संस्कृत भाषा र वैदिक धर्म थियो ।

- जनताले राजालाई भिक्षा शिक्षा टिका अधिकार आदर र अस्तित्व दिन्छन् । जनताले नै राजाको जन्म दिन्छ । जनताले दिएको अधिकार जानेन भने राजा जान्छन् । जसरी भारतमा राजा गए ।

- राजाले राज्यभिषेक गर्ने वेलामा प्रतिज्ञा गर्नुपर्दछ । शपथ खानु पर्दछ । सबै प्रकारको सुखी भएको देश साम्राज्यमा राज्य गर्न पाउ भन्नुको मनसाय जनता सबै किसिमले सन्तुष्ट होउन् भन्ने हो । यसवाट के पनि बुझिन्छ भने जनतामा कुनै किसिमको अभाव र असन्तुष्टी नहुन् भन्ने हो ।

- सबै जातिले गायत्री दिक्षा लिन र जनै लगाउन पाउछन्, योग्य छन् । सबै नारी जातीले पनि गायत्री दिक्षा र जनै लगाउन पाउछन् । नारीले पनि गायत्री दिक्षा लिन र जनै लगाउन पार्उछन् ।

२ सय वर्ष अगाडिका राजा हुन् थारू । थारूका सुन चाँदीका सिक्का थिए । थारू जातीले देश बचाऐका थिए । पुनः देशलाई बचाउने छन् ।

वेदले भेद गरेको छैन । सबै समान छन् । सबै हिन्दू मिलेर हिन्दू राष्ट बचाउन पर्छ । राष्ट्र वेदले परिकल्पना गरेको साम्राज्य हुनुपर्दछ । सम्यक राज्य नै साम्राज्य हो ।

योगीको प्रवचन सुनौ र शेयर पनि गरौ । ता कि हिन्दू धर्म र हिन्दू साम्राज्यको अर्थ सबैले बुझुन् । अरूको भाषा र अरूको शिक्षाको कारणले राष्ट्र र हिन्दू धर्ममा प्रतिको गलत बुझाई नै हिन्दू धर्ममा आएको विचलनको हो । हिन्दू धर्म भेदभावकारी धर्म होईन सहिष्णु रहेछ । अरूको सभ्यता नष्ट गरेर जनतालाई लुटेर साम्राज्य हुँदैन । आर्य संस्कृति अनुरूपको राज्य मात्र साम्राज्य हुनसक्छ । वैदिक हिन्दू धर्मले कसैलाई भेद गरेको छैन । हिन्द धर्म र हिन्दू साम्राज्यमा सबै अटाउन सक्छन्, सबै समान छन् । सबैले जानुन् । सबैले बुझुन् ।

एउटा बेचन झाले हल्लाएको सत्ता

राजनीतिक चरित्र र देशभक्ति मरेपछिको दृश्य एकपछि अर्को देखिदैछ । एउटा बेचन झालाई पक्राउ गर्नासाथ भुटानी शरणार्थीदेखि मानव बेचविखन र बालुवाटार जग्गा प्रकरणसम्मका अनेक भ्रष्टाचारका किस्सा सार्वजनिक हुनपुगे । त्यसको लगत्तै ठूला दुई पार्टीको सरकार बन्यो, जुन सरकार स्थिरता र विकासका लागि भनिए पनि

यथार्थमा अराजकतामा कमी आएन । यतिमात्र होइन, सहकारीको ८७ अर्ब अपचलनलाई विषयान्तर गरेर ६६ करोडको मामिलामा रास्वपाका अध्यक्ष रवि लामिछानेलाई हिरासतमै पागल बनाउने कार्य भइरहेको छ । जब नेतृत्व र नागरिकको मनमा देशभक्ति मर्छ, त्यतिबेलादेखि संविधान र लोकलज्जाले काम गर्दैन । यही परिदृश्य हो बेचन झा ।

यता क्यान्सर रोगका विरामी सत्ता फेर्छु भनेर आन्दोलन गरिरहेका दुर्गा प्रसाई पनि हिरासतमै परेका छन् । उनलाई साइबर अपराध, रवि लामिछानेलाई संगठित अपराधकर्मसम्मको आरोप लगाइएको छ । ८७ अर्ब होइन, सहकारीको ३ खर्ब अपचलन भएकोमा सबै चुप छन् ।

सिक्टामा भारतले छिर्के हान्दा

०६२ मा निर्माण सुरू भएको सिक्टा सिंचाई आयोजना असरल्ल भएको छ । राप्ती नदीको पानी सिंचाईमा प्रयोग गर्न नेपालले सिक्टा सिंचाई आयोजना ल्यायो । सुरूमा विश्व बैंकले आर्थिक सहयोग दिने भन्यो, पछि भारतले छिर्के हानेपछि ऋणसमेत दिन विश्व बैंक पछि हटयो । ७० प्रतिशत काम भइसकेको यो आयोजनामा भारतकै दबावका कारण थोरै बजेट दिन थालिएको छ । यही गति रहने हो भने अर्को ४० वर्षमा पनि यो आयोजना पूर्ण नहुने लक्ष्यण देखिन्छ ।

कम्युनिष्टहरू किन विश्वासघाती ?

सुरेशकुमार पाण्डे

देशभित्र गणतन्त्र आए सँगै कम्युनिष्टबाटै कम्युनिष्ट विचारधारामाथि निरन्तर प्रहार हुँदै आएको छ ।

स्वयम भौतिकवादी जगमा उभिएका पाखण्डीहरूले भौतिक सम्पचनालाई ध्वस्त पार्ने षड्यन्त्र गर्दै आएको प्रष्टै छ । उनीहरू धर्म र परम्परामा नाउँमा देश र देशको विकासका लागि संघर्ष गर्दै आएका देशका सिपाही हरूमाथि जाइ लागेका छन् । एउटा काम नगरेर धर्मका शास्त्रहरू दन्ते कथाहरू सुनाउँदै हिंड्ने पुरोहितको सहारा लिएर कतिपय पाखण्डीहरूले कम्युनिष्ट अथवा भौतिकवादीहरू माथि लगातार प्रहार गर्दै आएका छन् । तर पनि आफूलाई कम्युनिष्ट भन्नेहरू मख्ख परेर उसैको मञ्चमा आफ्नै उपहास सुनेर ताली पिट्दैछन् । उसले दिएको एउटा खादा वा दोसल्लाले आफ्नो नैतिकता गुमाउँदैछन् । हुन त कम्युनिष्ट र लोकतन्त्रवादी, दुवैथरि देश र जनमतमा घातक साबित भइसकेका छन् । घातकले आत्मघात गर्नु के आश्चर्य मान्नु र ?

भौतिकवादलाई अधर्मी र नाष्तिक जस्ता शब्दहरूले प्रहार गर्दा पनि असहाय अवस्थामा उनै पाखण्डीहरूको सुरक्षामा खट्न बाध्य किन छन् ? निश्चित रूपमा पद र प्रतिष्ठाले उनीहरूलाई नैतिकहिन बनाइदिएको छ । चरित्र नास भएपछि उसका लागि जे पनि राम्रै लाग्छ ।

भौतिकवादीहरूमा उनिहरूको चुनौतीलाई स्विकार गरेर संघर्ष गर्ने अंट नआएसम्म हाम्रो देशभित्र यस्ता प्रहारहरू हुँदै आउँनेछन् । हुन त जो वाम विचारमा छन्, उनीहरूभन्दा ठूला भौतिकवादी अरू देखिन छाडेका छन् ।

आज संसार नै भौतिक विज्ञानले आकास छोएको अवस्थामा हाम्रो देशको विकास झनपछि झन यस्तै पाखण्डीहरूको बली चढेको छ ।

छिमेकी मुलुकवाट लगातार आध्यात्मिक प्रचार गर्न गराउन जसरी हाम्रो देशभित्र ओइरो लागेको छ त्यो मामुली कुरा होइन । शारीरिक मानसिक रूपमा भौतिक विचारमाथि प्रहार गराउने योजनाबद्ध अभियान चलिरहेको देखिन्छ । अहिले गणतन्त्र आए सँगै यस्ता विचारको व्यापक प्रचार हुन थालेको छ । निश्चित रूपमा कम्युनिष्ट विचारधारामाथिको प्रहारनै हो । कम्युनिष्ट भनिएकाहरू नै भौतिकवादी बनिदिएपछि प्रहार हुनु स्वभाविक नै हो ।

अहिले विहानी घुमघाम गर्नेहरू समेत आध्यात्मिक चपेटमा परेका छन् । आम मानिसलाई आध्यात्मिक बनाउने योजना नै भौतिकवादी विचारधाराको विरोध हो । यसमा स्वयम कम्युनिष्ट विचारधाराका बताउनेहरू जानि नजानी त्यो अभियानमा सामिल भएका छन् ।

एउटा सवाल यो पनि जनमनमा देखिन्छ कि कम्युनिष्टहरू परम्परावादी हुन्छन् त ? यो बुझ्ने कसरी ?

कम्युनिष्ट नैतिकता र सामाजिक परम्पराको बारेमा बुझ्ने सरल तरिका उनीहरूले परम्परालाई मनाउने उदेश्यमा र हेर्ने दृष्ट्रीकोणमा निर्भर हुन्छ ।

एउटा देशमा अनेक परम्पराहरू हुन्छन् जसले देशलाई विशिष्ट रूपमा छुट्याइदिन्छ । त्यस्ता परम्परालाई जोगाएर राख्नुपर्छ । यी परम्परालाई कुनै धर्म र जात सँग जोडेर हेर्नु भन्दा एउटा देशको परमपरालाई त्यही रूपमा बुझ्नु पर्दछ । कतिपय परम्परा अनावश्याक छन् भने छोड्दै जाने र समाजको हितमा परिमार्जित गर्दै जानुपर्दछ । कम्युनिष्ट भनेको सचेत वस्तुवादी राजनीतिक पार्टी हो । जसले सही र तथ्यको आधारमा आफ्नो कार्यनीति निर्धारित गर्दछ । कुनै पनि परम्परालाई मान्ने नमान्ने कति मान्ने कति परिमार्जित गर्ने त्यो उनिहरूको कार्यनीति भित्रको कुरा हो । पार्टीको हितमा वा देश र जनताको हितमा परम्परालाई लक्षित गरेर मनाउनु पर्दछ । आश्चर्य के छ भने यस्तो सोच कम्युनिष्ट भनिने पाटीहरूभित्र मर्दै गएको छ ।

खास गरी कम्युनिष्ट पार्टी भनेकै भौतिकवादी जगमा उभिएको सशक्त राजनीतिक विचार हो । भौतिकवाद भन्दा वित्तिकै आध्यात्मवाद विरोधी शक्ती हो भनेर बुझ्नुपर्छ । भौतिक र आध्यात्मिक एक आर्काको परस्पर विरोधी शक्तिहरू हुन् । तर परिवर्तनपछिका १८ वर्षमा भिन्नता देखिन छाड्यो ।

सामाजिक परम्परा हामीले आफ्नो गर्भै देखि अप्नाउँदै आएका छौं । कुनैपनि धर्म जात रितिरिवाज संस्कार कसैको प्याउते भने हुँदैनन् । देशभित्र सामाजिक परम्परासँग हाम्रो आत्मिय सम्बन्ध छ ।

एउटा कम्युनिष्ट क्रान्तिकारी पार्टीले बस्तुगत अवस्थाको गहन मुल्यांकन गरेर कार्यनीति तय गर्दछ र गर्नुपर्दछ । त्यो कार्यनीतिले भावि योजनालाई फाइदा पुराउनु पर्दछ । हाम्रो समाजमा दुई प्रकारका परम्पराहरू विद्यमान छन् । पहिलो राष्ट्रिय सामाजिक परम्परा, आर्को अन्तरराष्ट्रिय परम्परा । सामाजिक परम्परा भनेको दशैं, तिहार, तिजलगायतका विभिन्न चाड पर्वहरू हुन । हामीहरूले गर्भै देखि मनाउँदै आएका छौं । जसले समाज र परिवारको आत्मियताको प्रतिक वा प्रतिनिधित्व गर्दछन् ।

एउटा वुजुर्वा राजनीतिक पार्टीले मनाउने परम्परा र कम्युनिष्टहरूले मनाउने परम्पराहरू मौलिक रूपमै भिन्दाभिन्दै हुन्छन् । सर्वसाधारणलाई लाग्न सक्छ देउसीभैलो यिनीहरू पनि खेलेकै छन्, अरूपनि खेलेकै छन् । दशैं तिहार र तीज लगायतका पर्व यिनीहरूले पनि मनाएकै हुन्छन् ।

उनीहरू र यिनीहरूमा के अन्तर रह्यो ? एउटा क्रान्तिकारी पार्टीले पहिलो उदेश्य जनतालाई कु संस्कार, छाडा गीत नृत्यवाट मुक्त गर्ने र प्रगतिशील गीत नृत्य द्वारा उनीहरूलाई मनोरञ्जन र शिक्षाको साथै सचेत गराउने । आर्को संकलित रकम जनतामै खर्च गर्ने ।

भनिन्छ फलामले फलामलाई काट्छ । त्यही प्रकारले फलाम काट्नका लागि फलामको इस्तिमाल गरेको जस्तै छाडा बुर्जुवा संस्कृतको विरूद्धमा जनवादी प्रगतिशील संस्कृतलाई बुझ्नु पर्दछ ।

आश्चर्य, २०६३ पछिका कम्युनिष्टहरू पुंजीवादी बनेका छन् । हरेक नेता राजनीतिलाई व्यापार बनाइरहेका छन् । यसकारण कम्युनिष्ट विचारमा खिया लाग्दै गएको छ । यो खियाले कहाँ पुऱ्याउला ? चिन्ता देखिदैन ।

अहिले राजमोले सङ्गीयताको विरूद्धमा राजधानीमा प्रदर्शन गर्ने निर्णय गरेको छ । त्यो सङ्गीयताको विरोधी आन्दोलनमा जनताले भैलोलाई दिएको दानले जनता र देशको हितमा सङ्गीयताको विरोधी आन्दोलनलाई सहयोग गर्ने निर्णय गरेको छ । यसवाट दुई प्रकारका फाइदाहरू हुन्छन् पहिलो फाइदा छाडा संस्कृतिको विरूद्धमा प्रगतिशील संस्कृती लागु गर्नु आर्को त्यसवाट उठेको रकमले सङ्गीयतालाई कम्जोर पार्नु । अथवा सङ्गीयतालाई खारेज गर्न दवाव सृजना गर्नु । जनतालाई जाग्रित गराउनु हो । नेपालमा राजमोजस्तो कम्युनिष्ट इमानमा कुनै दल छैनन् ।

आखिर सङ्गीयता हाम्रो देशमा किन चाहियो ? यसबारेमा राजमो एक्लैले पनि सङ्गीयताको प्रवेश सँगै जनजागरण गर्दै आएको छ । सुरूवातमा पनि दश दिने काठमाण्डौ केन्द्रीत आन्दोलन भएको थियो । सङ्गीयता नेपाल जस्तो सानो देशको लागि ठिक होइन यसलाई अविलम्वन खारेज गर्नुपर्छ । यदि यो सङ्गीयता रहिरह्यो भने देश नामिट हुनसक्छ । यस्तै फजुल खर्ची संघीयताको खारेजीकै लागि पनि हुनसक्छ, संविधानको संशोधनको बहस उठेको छ ।

हाम्रो देश टुक्रा टुक्रा मिसाएर बनाउन खोजेको देश पनि होइन, कसैको ओपनिवेसिकबाट मुक्तहुन खोजेको पनि होइन । एउटा सानो देश त्यसमापनि भगौलिक रूपमा भूपरिवेष्ठित अवस्थामा रहेको देशमा नेता कार्यकर्ता पाल्ने, भ्रष्टाचार बढाउने सङ्गीयता किन चाहियो ? देशको आर्थिक र भौगौलिक अवस्थाले गर्दा पनि हाम्रो देशमा सङ्गीयता मेल खाँदैन । यसलाई छिट्टै खारेज गर्नुपर्छ । त्यसैलाई दवाव सिर्जना गर्ने उदेश्यमा राजमो लागेको छ ।

संङ्गीय संरचनालाई ध्वस्त पार्ने योजनामा राजमो नेकपा मसाल लक्षित छन् । तर आम वुजुर्वाहरू राजमोलाई साथ दिन खोजिरहेका देखिदैनन् । कम्युनिष्टहरू आमूल परिवर्तनमा विश्वास राख्दछन । त्यसैले समाजिक परम्पराहाई सुधारमा सकेसम्मको योगदान दिन खोजिरहेका हुन् । परम्पराबाट उठेको रकमबाट समाज सुधार, देश सुधार गर्नु उचित छ । तर धेरैजसो वुजुर्वा वनिसकेका कम्युनिष्टहरू आयलाई मासु रक्सी आदिमा खर्चिन्छन् । यो प्रगतिशीलता होइन । यो त पुंजीवादी रोग सल्केको हो भन्नुपर्छ ।

समाज भित्रका परम्परा भनेको सामाजिक गहनाहरू हुन्छन् । ति परम्पराहरूलाई प्रगतिशील रूपमा मनाउँदै अनावश्यक खर्चिलो नगरी समाजलाई प्रगतिशील बनाउन लागिपर्नु पर्ने हो । अन्तरराष्ट्रिय दिवसहरूलाई बढी महत्व दिनुपर्ने हो । जस्तै श्रमिक दिवस, जसले श्रमजिवि वर्गको प्रतिनिधित्व गर्दछ । हामी सबै नेपालीहरू काम सङ्ग जोडिएका हुन्छौं । श्रमिक दिवस मनाउने हाम्रो नैतिक जिम्मेवारी पनि हुन्छ । त्यसरी नै महिलाहरूको महान अन्तरराष्ट्रिय दिवस आठ मार्च जसले महिंलाहरूको त्याग वलिदानको अन्तरराष्ट्रिय स्तरमा प्रेरणा दिन्छ । यी र यस्ता दिवसहरूले समाजलाई अन्तरराष्ट्रिय स्तरमा चिनाउँदै जान्छन् । आफ्नो देशलाई, संस्कृति र परम्परालाई संसारमा चिनाउनु समयको माग पनि हो । परम्परालाई आवश्यकता अनुसार परिमार्जित गरेर समाज सुहाउँदो बनाउन जरूरी । प्रगतिशीलता कम्युनिष्टको कर्म थियो ।

कम्युनिष्टहरू आफुलाई अनुसाशन र नैतिकतामा बाँधेर चल्नुपर्छ । के कति कारणवाट यस्ता दुर्घट्नाहरू भएका छन् ।

एउटा कम्युनिष्ट क्रान्तिकारी पार्टीको लागि सबै भन्दा पहिले देश जनता र कम्युनिष्टको अनुशासन हुनुपर्छ । उनीहरूले मनाउने परम्परा र बसाल्ने नयाँ थिति विकृति रहित हुन्छन् । यही कुराको अभाव देखिन्छ नेपाली कम्युनिष्टतन्त्रमा । कम्युनिष्टहरूले परम्परालाई देश र जनताको हितमा उपयोग गर्नुपर्ने हो तर भौतिकवादी विचारधारामा कम्युनिष्टहरू रत्तिएका छन् । वर्तमान वैज्ञानिक युगमा पनि गलेसडेको विचारधारा जोगाउन र पुंजीवादको घोडा चढेर सत्ता, शक्ति र सम्पत्तिमा रमाउनु नेपाली कम्युनिष्ट आन्दोलन समाप्त हुने मार्ग हो भन्दा फरक पर्दैन भन्ने परिस्थिति देखिन्छ । कम्युनिष्ट भन्ने, आत्मघात रोज्ने, यो के गरेको ?

यति भन्ने हिम्मत कुनै युवा नेतामा देखिएन

महेन्द्र जस्ता
क्रान्तिकारी नेता खोई ?

यस्तो पनि गणतन्त्र हुन्छ ?
म यो गणतन्त्र मान्दिन ।

– कमल कोइराला

In the context of the 26th publication of Khwopring Document with special reference to the message of the New Chairperson Ruju Mrigendra Joshi (page 9 last paragraph) and e- invitation regarding interaction Events of - Nawodurgaa Bhawaani and Bhaktapur (part two) By Uttam Karmacharya

Bhaktapur Development Cooperation Association has organized a symposium and interaction program on "Navadurga Bhawani and Bhaktapur" in Bhaktapur on Saturday with the aim of cultural awareness and social upliftment.

As the resource persons of the seminar, the experts are culturalist Hariram Joshi, historian Prof.Dr. Purushottamalochan Shrestha, tantra expert Mrigendra Raj Subedi and Narayanaman Banmala, advisor of the Navadurga Jatra Management Committee, have been selected. Sudip Hada will be the facilitator.

As stated in the press lease for the necessary preparation and management of the same program, an extended meeting of the working committee was held at the association's office in Buddhanagar, Kathmandu on Thursday. While presiding over the meeting, President Rajumrigendra Joshi said that he was confident that the program will be successful with the active support of everyone and that the organization of this program will increase the dignity of the association. Facilitator of the conference in the meeting. Sudip Hada informed about the entire preparation and management while giving detailed information about the outline of the conference program. General Secretary of the association Prof. Dr. Mala Mall welcomed and Secretary Ram Sainju presented the agenda of the meeting. Similarly, Ishwar Palikhel informed that a public call has been made to all life members of the association, guests and interested dignitaries to participate in the symposium through social media and other means. The participants in the meeting also expressed their questions and opinions. At the end of the meeting, the second vice president of the association, Gajendra Bahadur Bhuju, expressed his gratitude for the preparations and tireless work done by everyone from their respective places for the conference.

I was so happy to join the event with Dr. MS Chauhan , advisor of The Chauhan Society of Nepal . Thank you so much to Mr. RMJoshi and RajuRam Munankarmi for arraging picking up to us with Mr Mrigendr Raj Sharma and Rayaji from Iwamura college and hospital.

It was so nice sharing invitation to my friends in Phokhara with the Chairperson and coordinator of the The Karmacharya Society of Western Nepal . They are very interested to start the Navadurgas Jaatra / fan fare festival in Pokhara if possible once a year as Navadurgaa jaatra have been conducted in nearby city of Kathmandu Valley in Banepa , Naalaa , Dhulikhel Panauti . It was so nice to know through Hareram Sir that and that the Navadurga Jatra have been conducting since long line in Kathmandu Valley in Lalitpur and Kathmandu but the navadurga fan fare celebration of Bhaktapur has been very popular and noteworthy since long-time in comparison to other cities.

We are also very glad to know that Navadurgaa Fanfare celebration Daye Boyakegu through BBSS was proposed by advisory member Professor Ms. Komal Badan Malla in the meeting. It was proudly stated by Mr. RM Joshi in his welcome speech. His speech was also explanatory about the festival being held very soon on Poush 04 Thursday with the participation of more than three hundred people. The fund is being collected and hundreds of people have already contributed from the age group of 10/12 to 82 elderly citizens. It will be a landmark exemplary event in the history of not only in BBSS but also first landmark organized by the NGOs of Nepal like BBSS .

Major and minor observation of the historic event

1.Flex presentation of the event in the Sanothimi high way in several places to make easy to the guest about the venue .

2. Welcome reception of the guest by executive advisory member Mr. Vijaya Pradhananga

3.Proper selection of the venue

4.Attendance recording and mini event notes / b o o k s

5. Selection of two youngest boy and girl of the SOS Village as the chief guest with reference to considering them as the future leader of the cultural and religious expertise

6.Proper selection of the panelists' among leading religious- cultural expertise

7. Exemplary schedule / plan in advance

8 E- flex style invitation

9.Well trained master of the ceremony

10 Well trained proper selection of Interaction coordinator

11. Time bound three to four questions answers session

12.Assigned rapporteur of the interaction program

13. Preparing reports of the interaction program

14. Exemplary hundreds of high level participation from different walks of life having faith with spiritual and devotional attitudes in cultural and religious beliefs and values from far west including Honorable members of provincial government of the central region.

15. Government lines agency representatives as Respectable CDO Mr. and former CDO Ms. Roshni Kumari Shrestha from Baitadi and other participation from far western region

16. Press release of the interaction program

It was so noteworthy to know that rapporteur was assigned to prepare the report of the interaction program. The detail report of the interaction program would be another land mark to know more about Navadurda Bhawani and Bhaktapur

My strong suggestion to BBSS is to coordinate with Banmaala Society of Bhaktapur regarding the possibility of launching Navadurgaa Celebration in other cities starting from Pokhara as a Pilot Celebration phase wise in other regions to disseminate more about the importance of Navadurga Bhawani and fanfare Pooja in several cities.

While coming back to Bhaktapur with the former CDO Ms.Roshani Kumari Shrestha, I was quite surprised about the indebt knowledge of Navadurga Bhawani and its traditional values and rituals.

Now the BBSS need to establish a academy Navadurga Bhawani and role of Bamaala society for the betterment of traditional values and rituals. I am very happy to through the Wikipedia and other Web site and other documents about Navadurga before the participation in the infraction program to know more about Navadurga Bhawani because I am less knowledgeable about Navadurga Bhawani in comparison to others . I am very proud of the spiritual and devotional metal makeup of the chairman and executive team members.

Hope after going through the detail report of the interaction program , we can share some more traditional values,cultural retuals and tangible and intangible heritage of Navadurga Bhawani in next article Part Three.

Uttam Karmacharya

In the context of the 26th publication of Khwopring Document with special reference to the message of the New Chairperson Ruju Mrigendra Joshi (page 9 last paragraph) and e- invitation regarding interaction Events of - Nawodurgaa Bhawaani and Bhaktapur(part two)

By Uttam Karmacharya

The draft is in the pipeline to publish as a first event of the NGOs of Nepal regarding the special exemplary Interaction Program organized from Bhaktapur Bikas Sahayog Sangh (BBSS) with special reference to Nawodurgaa Bhawaani and Bhaktapur amid renown four Panalists coordinated by the Chairperson of the BBSS on 15 Mansir 15 Saturday 2081 /30 November 2024

Congratulation and congratulation .

I am very happy to through the Wikipedia and other Web site and other documents about Navadurga.

Navadurga (Sanskrit: (5&A0M, Navadurgā), also spelled Navdurga and Navadurgas, are nine manifestations and forms of Durga in Hinduism, especially during Navaratri and Durga Puja. They are often considered collectively as a single deity, mainly among the followers of Shaktism and Shaivism sect of Hinduism.

According to Hindu mythology, the nine forms are considered the nine stages of Durga during the nine-day long duration of the war with demon-king Mahishasura, where the tenth day is celebrated as the Vijayadashami ('victory day') among the Hindus and is considered as one of the most important festivals.

Main article: Navaratri

During the festival of Navaratri, nine unmarried virgin girls up to the age of nine years are worshipped and fed as they are considered to be the incarnations of these nine goddesses. Then, the Nabapatrika ritual during Durga Puja involves tying the branches of eight plants with their leaves with a banana plant (naba meaning 'nine', and patrika meaning 'leaves').

1.Navadurga Pooja in near by different districts

2. Yearly visist of His Majesty/ Rt. honorable president of Nepal to the temple of Navadurga Bhawani Bhaktapur

3. Living God and goddesses of Bhaktapur Nepal as living Goddess Kumari in Kathmandu

(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China (Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal

डा.हर्क गुरुङको सम्झना

जसरी जाडोमा मक्कल ताप्न भ्यालढोका बन्द गरिन्छ , त्यसरी नै नेपाल र राष्ट्रको सुरक्षा गर्न श्रम स्वीकृति (Work Permit) प्रणाली लागु गर्नुपर्छ्र दुई छिमेकी राष्ट्रबीचको मैत्री सम्बन्ध त अप्ठ्याराहरुलाई गुन्द्रिमुनी लुकाएर होइन बरु फ्रस्ट कुराकानीबाट टुंग्याएर मात्र स्थापना गर्न सकिन्छ ।

- डा. हर्क बहादुर गुरुङ

२०४४ वैशाख १ गते देखि संगठित र असंगठित क्षेत्रमा वर्क पर्मिट लागु गर्ने ऐतिहासिक निर्णय भएको सम्झदै डा.हर्क गुरुङको सम्झना गरिएको छ। साथै १२ बुंदे दिल्ली सम्झौता र आधुनिक नेपालमा देशलाई बन्धनमा राख्ने १० जुन १९९० को विज्ञप्ति (सन्धि) बारे अन्तरक्रिया लमजुङ स्थित डा.हर्क बहादुर गुरुङको सालिक झाँदीमा सम्पन्न गरिएको छ। डा. हर्क गुरुङ प्रतिष्ठान मस्याङदी गाउँपालिका वडा नं ७ तालिङ चोकमा गाउँपालिकाका उपाध्यक्ष शेर ब. थापाको सभापतित्वमा देशका लागि हर्क गुरुङको मार्ग दर्शनलाई पछ्र्याउने संकल्प गरिएको छ।

कार्यक्रमा सरोज गुरुङ्ग, सोम ब. भण्डारी, उपाध्यक्ष शेर ब. थापा, माया पाण्डे, कृष्ण प्र. प्रसाई, पारुहाङ्ग कुथुमी राई तथा शंकर मधैयाले राष्ट्रियता बचाउनका लागि हर्क गुरुङको रिपोर्ट लागूगर्नुपर्ने विषयको उठान गरेका थिए। डा. हर्क गुरुङको ताप्लेजुङ धुन्सामा हेंलिकप्टर दुर्घटनामा स्वगारोहण भएको थियो।

Smash And Grab

By Sunanda Datta Ray

Association in Darjeeling, formed by Hem Lal Bhandari, who was studying at the Jesuit college there, was one of several symptoms of resentment. It organized school boycotts and rallies against associate statheood, criticized politicians for submitting to bullying, and demanded restoration of the Chogyal's powers. When the association called a public meeting in Gangtok on 10 October, P.R. Khorana, a Madhya Pradesh policeman who had succeeded Dutta Chowdhury as commissioner, refused to allow the speakers to use microphones. The meeting was held all the same, and under Khorana's supervision, the CRP lashed into the crowd with more than usual ferocity.

"They were beating the students like anything," recalls Nar Bahadur Bhandari. "When I intervened, I too was badly beaten up in the Daronga sweet shop. About 500 CRP men gheraoed me. They said I would be killed if I didn't write a letter supporting Kazi. When I became unconscious they took me to the Thutob Namgyal hospital." This was around seven in the evening. Bhandari did not regain consciousness until the following afternoon when the Gangtok doctors, fearing the chief executive's reprisal for sheltering such an outspoken critic, turned him out. Friends eventually took Bhandari to the Planters Hospital in Darjeeling where he was admitted; but he still complains of pains in the chest as a result of the thrashing he received. "I can't easily walk uphill. I need regular hot packs and massages." Two younger members of the association, Namygal Tsering and Prakash Basnet, were kidnapped, also beaten up, and taken to Singtam where they were kept in captivity for several days.

It was beginning to dawn on India that unrest would continue so long as the Chogyal remained on the throne. He did not have to do anything to be a national and international lodestar. Kingly problems may evoke little sympathy, but a king in difficulties is instant fodder for European and American newspaper columnists. More stringent measures were called for, especially since young people-the two Bhandaris, Sherab Palden, the Youth Pioneers, and others-were 'beginning to look on the Chogyal as the symbol of their struggle. Civil servants who had to bow and scrape before Gurbachan Singh, Lal, and Kazi also regularly paid their respects at the palace, pouring out tales of the humiliations they were made to suffer. In fact, more people called on the Chogyal than ever before.

The campaign to demolish this growing appeal began in earnest in. the autumn of 1974 when a Sikkim Congress meeting, presided over by the chief minister, accused the head of state and the crown prince of "instigating and supporting anti-social and anti-democratic elements." Kazi also claimed that the Chogyal's brother, Jigmed Tenzing Namgyal, had been sent abroad to canvass Western support; but everyone knew that the prince was virtually an invalid, and his Tibetan wife, the exquisitely beautiful Soyang-la, nailed the lie with a press statement giving details of the medical treatment he was receiving in Calcutta. Two weeks later, Kazi and Kazini (accompanied by Khatiawara, Krishna Chandra, and Rinzing) set out for New Delhi at Mrs. Gandhi's invitation, the chief minister promising to ask their hostess to deal "speedily and firmly with the Chogyal." Kazi also announced that the administration would not pay for the "upkeep of the palace and Sikkim Guards, and that he was going to seize about 20,000 acres of the royal estates in the Lepcha reserve around Dzongu. But Mrs. Gandhi and Yeshwantrao Chavan, who "had taken over from Swaran Singh in October, pleaded with the chief minister to be patient with his king. Responding magnanimously, Kazi even admitted to reporters that the Chogyal was not ""in the hands of Chinese." The purport of this piece of playacting was to indicate that- it was only at India's instance that Sikkim tolerated its monarch.

The November visit was for only two days; before its dust had settled, the Chogyal and Tenzing were accused of plotting to assassinate Kazi. An official statement claimed that a large quantity of explosives had been unearthed at a spot on the Siliguri road, about four miles from Gangtok. It was said that Kazi travelled this way. So did the Chogyal and hundreds of other people, pointed out sceptics, adding that the explosives allegedly recovered were of a kind available only to the Indian army. But inconsistencies passed unnoticed as Indian newspapers printed omraged articles, Kazi was congratulated on his miraculous escape, and the palace was depicted as the nerve-centre of murderous conspiracies. Emboldened, the Sikkim Congress demanded on 25 November that the Chogyal should at once be expelled; Lal darkly hinting a week later that he had further evidence of the palace's involvement in a second plot The evidence was never produced, but it was becoming very clear that if his opponents could-not eliminate the Chogyal politically, they would kill him through calumny.

The chief executive was meanwhile steadily hacking away at the throne's constitutional foundations. When he began to issue the government's official Sikkim Durbar Gazette entirely on his own, insisting that the term durbar meant only the chief executive, the Chogyal protested that no definition of the government could exclude the head of state; the difference was referred to New Delhi in terms of article 29(2), but the PO announced the very next day that the Indian government agreed with Lal. The latter's right unilaterally to appoint, post, promote, transfer, and dismiss civil servants of whatever seniority, without reference to the ruler, was similarly upheld within 12 hours. In fact, the speed with which Gurbachan Singh produced these overnight verdicts in the chief executive's favour prompted some Sikkimese to wonder whether disputes were at all referred to New Delhi, or whether India House and Mintokgang had not been empowered in advance to dismiss alL the Chogyal's pleas and make a mockery of article 29(2). Eventually, Lal told the ruler nothing at all of what was being done. Contd....

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

चीनले सहयोग किन दिने, किन लिने ?



पद्धति चयन गर्ने स्पष्ट आधार हुनुपर्दछ। मूलनीतिभित्र पर्नँपर्छ। किनकि पद्धति नमिले मुलुक पतनतिर जान्छ। प्रशासन पद्धतिमा आधारित हुनुपर्छ, अर्थनीति पद्धतिमा चल्नुपर्छ। पद्धतिमा चलेको व्यवस्थामा मात्र निष्पक्षता हुन्छ, माथिको आशय मनशाय बुझ्नुपर्दैन। यस्तो भएमा मात्र जनताले सेवा र सुविधाको समान अवसर पाउँदछन्, सबै खाले सेवाको समान बितरण व्यवस्था हुन्छ, केन्द्र-स्थानीय स्तरमा सही कार्यविभाजन हुन्छ, सबै खाले अवसरको समान वितरण हुन्छ, सबै नागरिकलाई समान गुणस्तरको शिक्षा उपलब्ध हुन्छ, सबै जनता समान रूपमा सचेत हुन पाउँदछन्। अनि मात्र चेतना पहिलो आवश्यकता ठहरिन्छ। मुलुक राष्ट्रिय मूलनीतिमा चल्दछ, सम्पूर्ण नागरिकले पूर्ण रोजगारका अवसर पाउदछन्। त्यसले देश आत्म निर्भर हुन्छ, सम्पन्न बन्दछ। फलतः द्वन्द्व र सबै खाले अशान्ति हट्दछन्। देशले द्रुततर विकास गर्दछ। सबैको सकारात्मक सोच हुन्छ। सबै जात सम्प्रदाय, पेशा, लिङ्ग र स्थान विशेषका मानिस मिलेर काम गर्दछन्। कुनै पनि भ्रष्ट्राचार हुँदैनन्। कुनै पनि आरक्षणको जरूरत पर्दैन। जनताको चेतनाको स्तर, देशको आर्थिक स्तर, जनताको संस्कार संस्कृतिको अवस्था, जनताको आस्थाको स्तरले कस्तो व्यवस्था चाहिन्छ भनेर थाहा पाउन सकिन्छ। त्यस ग्राफले जहाँ पुऱ्याउँदछ त्यस देशमा त्यही व्यवस्थासँग मिल्ने पद्धतिको निर्धारण गर्नु पर्दछ। श्रीकृष्ण, कौटिल्यका समाजवादहरू; कार्लमार्क्स, माओ र लेनिनवादहरू; अन्य पूँजिपति समाजवादहरू तथा निजीकरण, उदारीकरण, पृथ्वीकरण र पूँजिवादहरू कुनै पनि हुबहु सबै ठाँउमा सबै कालमा लागू हुन सक्दैनन्। अनि मुलुक दवाव कार्यविधिबाट प्रदर्शन कार्यविधितिर, निर्देशितबाट स्वनिर्णिततिर, उपकारी तानाशाहीबाट प्रजातान्त्रिकतातिर, सार्वजनिक अर्थनीतिबाट मिश्रित अर्थनीतितिर, मिश्रितबाट निजीतिर, निजीबाट पृथ्वीकरणतिर जान्छ। यी सबै नेपाली नेपाली मिलेर बनाएमात्र सफल हुन्छन्, विदेशीको निर्देशनमा होइन।

राजनीतिक व्यवस्था र आर्थिक उन्नति : आज नेपाल आफ्ना प्राकृतिक श्रोतसाधनकोत कुरैछाडौं अरूले दिएको सहयोग पनि सदुपयोग गर्न नसक्ने अवस्थामा छैन। देशभर खुला दिशामुक्त नारा लगाई रहेको छ, - तर केन्द्रिय सचिवालयका पाईखानाहरू फोहोरी र दुर्गन्धित छन्, राजधानी शहरमै सार्वजनिक शौचालय छैनन्। उदाहरणकालागि चीनले बनाईदिएको ट्रलीबसको जगबाट प्रत्येक वर्ष दश प्रतिशतका दरले बिस्तार गरेको भए आजसम्म यसले धेरै पेट्रोलियम पदार्थको आयात घटाइसकेको हुने थियो। गाडी आयात घटेको हुने थियो। चीनले बनाइ दिएको बाँसबारी छालाजुत्ता कारखानालाई आधार मानेर सकारात्मक रूपमा काम गरेको भए आज नेपाली सेना, प्रहरी, सशस्त्र बलको लागि चाहिने जुत्ता बुट देखि छालाका सामानमा आत्मनिर्भरमात्र हैन सार्क मुलुक लगायत विदेशमा निर्यात गरिसकेको हुने थियो। कृषि औजार कारखानले ट्र्याक्टर, भृकुटी पेपर मिलले कागज, चिनीमिलहरूले चिनी आदि निर्यात गरेर धन आर्जन गरेका हुने थिए।

रूस र चीन लगायतका साम्यवादी मुलुकको सहयोगमा निर्मित औद्योगिक प्रतिष्ठानहरूलाई जीवन्त राख्न सकेको भए आधारभूत औद्योगिक वस्तुमा मुलुक आत्मनिर्भर भै सक्ने थियो। त्यस्तै चीन र रूसको सहयोगमा निर्मित, सडक यातायत, बिजुली आदिलाई सही रूपमा अगाडि बढाएको भए देश माथिउठि सकेको हुने थियो।

पश्चिमाले साम्यवादी मुलुकलाई शत्रुताको रूपमा हेर्छन्, भारतले चीन र पाकिस्थानलाई त्यसरीनै हेर्छ। पश्चिमाको चलखेलको आधारमा यी मुलुकको सहयोगमा बनेका प्रतिष्ठानहरू भत्काइए। त्यति मात्र होइन, त्यसलाई संरक्षण दिने हिन्दु अधिराज्यसमेतलाई भत्काइयो। बदलामा खुला अर्थनीति, पाश्चात्य राजनीति र अर्थनीति, ईशाइ शिक्षा र संस्कारलाई भित्र्याइयो। नेपालका दलहरू यिनको चलखेलबाट परिचालित छन्। अझै पनि चीनले गाई सहयोग दिएर कृषि उद्योगमा सघाउने प्रयत्न गरिरहेको छ। जनता सोध्छन् - चीनले सहयोग किन दिने र नेपालले किन लिने ? स्विजरलैण्डको सहयोगमा जिरी गाई फार्म संचालित थियो। त्यसको सकारात्मक प्रभाव जनतामा पार्न राजा वीरेन्द्रले दरबारभित्रै गाई पालेका थिए। आज दलको सरकारले यी गाईको उन्नति गरेन, केवल अवनति भयो। नेपालको यस्तो कमजोर व्यवस्थापनलाई हेर्दाहेर्दै चीनले अझै किन सघाउँछ ? नेपालले चीनसित राजा महेन्द्र र वीरेन्द्रले गरेको नीतिप्रति किन नेपालले निरन्तरता दिदैन ? गुम्बामा आश्रृत विदेशी मङ्क कमाण्डो र फी तिब्बत गति रोक्ने नेपालको आन्तरिक मामिला हो। त्यसलाई अमेरिकी र भारतीय निर्देशन किन मानि रहन्छ नेपाल ? यो जनताको प्रश्न हो। त्यसै बीच भारतका रामदेवले आफै पाल्ने गरी नेपालमा ल्याउन लागिएका गाइलाई पनि नेपालले ल्याउने व्यवस्थसमेत गर्न सकेन।

यो जे कुरा याहा उललेख गरिएका छन्, ती अरू कसैले पनि नपत्याउने कुरा जस्ता छन्, विश्वका त छोडौ. नेपालीले पनि पत्याउँदैनन्, तर ती सत्य हुन्।

भारतले १९४७मा राजनीतिक स्वतन्त्रता मात्र पाएको हो, आज पनि भारत स्वतन्त्र छैन। ऐन नियम, आर्थिक प्रणाली, धर्म संस्कार, खानपान, रहनसहन, औषधि उपचार पद्धति सबै अँग्रेजको कायम[डट]छ। कर्मचारीको दरबन्दी कटौती, निजिकरण, उदारअर्थनीति, प्रशासनिक हस्तक्षेपका कुरा अँग्रेजका जस्तै छन्। आफु स्वतन्त्र भएपछि छिमेकमा पनि प्रजातन्त्रलाई संस्थागत गर्न घाउनुको सट्टा अँगृजले जस्तो उपनिवेश बनाउने कला लागू गरेको छ छिमेकमा। नेपाललाई अरबौं रकम अनुदान पनि दिएकाछन् तर देशमा सही प्रजातान्त्रिक अभ्यास हुनुको बदला दाता मुलुकको निर्देशनमा दलीय तानाशाही, निर्वाचन बिहिनता, कानूनी राज्यको उपहास हुँदै गएको छ।

वाद कि व्यक्ति : राजनीति पद्धति भनेको देशलाई सुखमय, शान्तिमय र समुन्नत बनाउने मार्ग हो। त्यसमा योग्यतमबाट निष्काम भावले नेतृत्व लिनुपर्छ। शक्ति पृथकीकरण वैदिक हो, मूलबाटो हो, संतुलनको सिद्धान्त हो। कानून गाउँ जोड्ने बाटा हुन्। नियम घर-घर जोड्ने गोरेटा हुन्। दलीय पद्धति पाश्चात्य हो, त्यसमा पनि राज्यका यी काम कस्ले छिटो, राम्रो, सस्तो र स्तरीय बनाउने भन्ने प्रतिस्पर्धाकालागि हुन्छ। प्रतिपक्ष र सत्तापक्ष गल्ती रोक्ने पुरक विषय हुन्। प्रतिपक्ष उपबाचक हो। तर आजकल यी मर्म असफल छन्। खराव कामकालागि सबै जुट्छन् र असल कामकालागि भाँजो हाल्दछन्। फलतः जनताका सुख शान्तिका बाटा अबरूद्ध हुन्छन्। सामाजिक अपराध मौलाउँछन्। दलले अपराधी संरक्षण गर्दछन्। अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गरिन्छ। वैदिक मान्यताले यो व्यवस्थालाई विस्थापन गर्दछ। दललाई हैन असल चरित्रको व्यक्तिलाई चयन गर्दछ।

दलीय पद्धति गणितीय हुनुले अझ असफल भएको छ। यसले के पुष्टि गर्दछ भने सबै ठाउँमा एकै प्रकारको राजनीति पद्धति र शासन व्यवस्था सफल हुन सक्तैन। देश अनुसार मिलाउन सक्नु पर्दछ। जाम्बवानले हनुमानलाई उनको शक्तिलाई सम्झाए पछि उनी लंकामा छलाङमार्न सफल भए झैं वैदिक राजनीतिलाई शिक्षा पद्धतिवाट जागरूक गराएमात्र असल खराव जँचिन्छ।

कांग्रेसमा कोइरालाको बर्चस्व समाप्त

वीपी कोइरालाको कांग्रेसभित्र कोइराला परिवारको बर्चस्व समाप्त भएजस्तो देखिन्छ। सुजाता र सशांक धेरै पछि छन्। शेखर कोइरालाले सभापति शेरबहादुर देउवाको जाल तोडेर कांग्रेसमा जरा हाल्न मुस्किल छ। कम बोल्ने तर आफ्नो कमाण्ड कायम गर्ने देउवाको राजनीतिक शैली प्रखर मानिन्छ। यसैले कांग्रेसभित्र देउवाको हैकम छ।

शेखर कोइराला, सशांक कोइराला र सुजाता कोइराला। कोइराला परिवारका यी तीन हस्तीमध्ये शेखर र सशांक कोइराला चुनाव जितेका, पार्टीमा हैसियत पनि राख्छन्। सशांक प्रभावशाली रहेका छन् र वीपी पुत्र पनि हुन्। तर सशांक पार्टी सभापति चलाउने चरित्रका छैनन् भनिदैछ। यता शेखरले निकै प्रयत्न गरिरहेका छन्, उनको प्रयत्नमा देउवा र उनका सहयोगीहरूले पानी फेरिरहेका छन्। देउवाका सहयोगीहरू सशक्त देखिन्छन्। शेखर र सशांक कहिले वीपीवादी, कहिले हिन्दुराष्ट्र र राजतन्त्रको वीपी सिद्धान्तका कुरा पनि गर्छन्, कहिले लोकतन्त्र र संघीयतालाई सघाउ पनि पुऱ्याउाछन्। स्पष्ट राजनीतिक दृष्टिकोण र भावी मार्ग के हो स्पष्ट छैन। वीपी सिद्धान्तमा नजाने हो भने कम्युनिष्टले लतारेर लैजान्छ भन्ने भेउ पाएर पनि सतर्क छैनन्। नेपाली कांग्रेसको भोट घटेको छैन तर हिन्दु र राजसंस्थावादीको भोट नपाउने हो भने कांग्रेस ०८४ को मिसनमा पनि बहुमत पाउन नसक्ने पक्का छ। तीन कोइराला एक हुन नसक्नु र पार्टीलाई साथ लिन नसक्नु यी कोइरालाका कमी हुन्।

मलाई सपनामा सुनाइएको कथा : गोविन्द बोहरा

सपनामा आएर कथा सुनाउने पात्र अहिले लुकाएर राखिएको भनिने चर्चित नाम ! अनुमानित मिति २०६९-७० सालतिर सुदूरपूर्वी उत्तर पहाडका एकजना दूध कटुवा तर प्रतिष्ठित व्यक्ति, जस्लाई पछि टुक्के प्रमुख पनि भन्न थालिन्छ। उनीको निजि प्रेस संयोजक पनि भनिने रहेछ, अन्दाजी ४५ कटेको जस्तो, उनी जेलमा थुनिएका हुन्छन्!

कथा सम्झे अनुसार हिरा लुटेको अभियोगमा प्रहरिले ती उपनाम 'हिरा' आचार्यलाई पक्राउ गरेर थुनेर राखेको स्थान भिमफेदी भनिएको छ।

जहाँ ठगी व्यापार भनिने नेटवर्किङ कारोबार गरेको भनी सरकारले संचालकको हैसियत भएको भन्दै हिरा लुटेरालाई राखेकै जेलमा नेट्वर्किङ कारोबारीहरू मध्यका एक महान 'पुरूष' थर भएकालाई पनि राखेको रहेछ। तब महान सहकारी ठग्ने योजना बन्छ।

सहकारी खोल्ने र सहकारीमा जम्मा भएको रकममध्ये करिब ६० प्रतिशत पैसा संन्चालकले चलाउने अनि ४० प्रतिशत जति सहकारी कारोबारमा प्रयोग गर्न मिल्ने गरी अगाडी बढ्ने।

साथै सहकारीमा थुप्रो पैसा जम्मा गर्न माहिरहरूको साथ लिने अनि शक्तिशाली व्यक्तित्व र सहकारी बैंककै अध्यक्ष बनिसकेका मानिस समेतलाई खोज्न सकेमा पैसा चलाउन पाइने योजनाकारहरूले योजना बनाउँछन।

लगत्तै योजना कार्यान्वयनको लागि जेलबाट बाहिर आउन पर्ने हुनाले जेलबाट निकाल्न सक्ने शक्तिशाली व्यक्ति समेत खोजिन्छ र त्यस्तै गरिन्छ। झापातिर पछि बसोबास गर्न आईपुगेका र लामो समय जेल जीवन समेत बिताएकासँग सम्पर्क भएका मुख्य योजनाकार मध्य एकजनाले भन्छन् हामीलाई बाहिर निकाल्न ल्याकत राख्ने एकजना छन्। अझ उनीलाई हाम्रो योजनाका मुख्य सल्लाहकार बनाउन सकेमा अथाह पैसा पनि जम्मा हुन सक्ने र थप पैसा समेत कमाउन सकिने उपाय समेत उनलाई थाहाँ छ भनेपछी पहिला जेलबाट निक्लने र त्यसपछी कार्य अगाडी बढाउने निर्णय गर्दै योजना साकार पार्न तयार हुन्छन्।

नभन्दै नयाँ शक्ति सहितको नयाँ जीवन जिउन पाइने आशाको अपेक्षा सहित खुसिले गदगद हुँदै गर्दा मिटिङको समय तोकिएको हुन्छ। सबै सिधै मिटिङ्गमा जम्मा हुन्छन्। मिटिङ्गमा अनुहार हेर्दा त, घागडान घागडान नेता देखि चर्चित चर्चित अनि राजनीतिक निर्णय गर्ने अधिकार राख्नसक्नेसम्मका व्यक्तित्व। परिचय सुन्दा त, कोहि काभ्रेबाट चुनाव जितेका सांसद भनेर परिचय दिदै थिए, कोहि झापाबाट, कोहि ओखलढुङ्गे खतिवडा रे, कोहि तनहुतिरका पछि काठमाडौं आएपछी बिध्यार्थी नेता बनेका रे, कोहि काठमाडौको साखु तिरबाट श्रीमानको ठाउँमा चुनाव उठ्दा त्यही क्षेत्रबाटै चुनाव जितेका सांसद रे, कोहि मकवानपुरतिरबाट नेताको छवि बनाएको मान्छेरे अनि एकजना त सहकारी बोर्डका प्रमुख तथा नेता दुबै भइसकेका व्यक्तिका छोरा समेत कति कति पावरफुल मान्छेहरू।

अथाह पैसा सहकारीमा आउने पक्का। त्यसपछि थप योजना बन्दै जान्छ र क्रमशः टाइकुन मिडिया खोल्ने अनि मिडिया चलाउन मिडिया क्षेत्रका नामुद नाम कमाएका मान्छेहरूलाई जति पैसा तिरेर भएपनि ल्याउने र नेपालमा अर्को धमाकेदार ठूलो मिडिया हाउस चलाउने। योजना पनि कति पक्का भने अमेरिकाबाट आएकादेखि चर्चित हिमालको नामबाट कम्पनी खोलेका मालिकसम्मलाई राखेर मिडिया चलाउने। अझ केही गरि पैसा जम्मा नभएमा झापा तिरका घगडान डनले पैसा जसरीपनी जम्मा गर्न उर्दी जारी गरिदिने भने।

अब मिडिया नै चलाउने भएपछी भनेको जस्तो आफ्नो स्वार्थ पूरा गर्न मिडियामा चर्चित सिनेकर्मी देखि आँखै नदेख्नेसम्मकालाई र स्थापित मिडियाका चर्चित हस्तिलाई जम्मा गरेर धुमधमकाका साथ सार्वजनिक घोषणा गर्ने निर्णय हुन्छ। जब टिमले नै पैसाको अलिकती पनि कमि नहुने बुझ्छ तब मिडिया उद्घाटन र कार्यक्रम घोषणा पनि सानोतिनो ठाउँमा के गर्नु भनेर नागपोखरी तिर रहेको ठूलो घरलाई नै घोषणा गर्ने ठाउँ बनाउने निर्णय गर्छन् र कार्यक्रम पनि भनिएको र बनाईएको योजना जस्तै गरि सबै मान्छे जुटाएर गरिन्छ।

त्यसपछि सुरू भएको देखिन्छ नेपालकै हाई क्वालिटी सहितको मिडिया कर्म ! नभन्दै मिडिया घोषणा सँगै सुरूसुरूमा पूर्व योजना अनुसार नै जताततैबाट पैसा आफैं आएर जम्मा भएको छ- छ।

पैसा जति आएर जम्मा भएपनि पैसा बाहिर जाने पनि त्यस्तै। जसरी आएको त्यसरी नै गइरहेको त्यस्तै देखिन्थ्यो। मैले सपनालाई सम्झे अनुसार पैसा हाई क्वालिटिको यन्त्रले फुत्त फुत्त जादु गरेजसरी आफैं तानेर लग्ने। यसरी भकारी सहकारी खुल्छ अनि मिडिया पनि खुल्छ र चलेको देखिन्छ पनि।

भकारी सहकारीबाट ऋण लगानी पनि हुन्छ, त्यहि योजना अन्तर्गत अमेरिकी पाहुनलाई सुरूमा ४के जति दिन्छन्। अमेरिकन पाहुनाले गोपिकृष्ण हलपछाडी जस्तो लाग्ने ठाउँ तिर ४ रोपनी जतिको जग्गा पनि किन्छन्। क्रमशः ऋण लगानी गरिरहँदा भक्तपुर तिर घर भएका बस्नेत नेता भनेर चिनिने केटाको बुबा आमा बहिनी र छोरालाई समेत पैसा लगानी गर्छन्। हुँदाहुँदा एक रेस्लर खेलाडी बन्छु भन्ने खड्कालाई पनि लहलहैमा लागेर लगानी गरेको देखिन्छ।

यसरी रोमान्चक कथा सपनामा क्रमश देख्दै थिए। तर एकाएक बीचमा के भयो कुन्नि अमेरिकी पाहुनालाई नेता बन्न मन लागेछ क्यार स्वाट्ट मिडिया छाडेर नेता बन्छु भनेर फुत्तै निस्केर आफू त नेता हुनलाई जन्मेको भनेर सुगारटान गरे जसरी रटिरहनु हुन्छ।

उनले बेलाबेलामा भनेको सम्झिदा के भन्थे भने, भगवानले पूर्व जन्मको फल दिएको छ, मलाई केको डर ? पछि त ऋण दिएको पैसाले मलाई डुबाउने भन्दै छट्पट्टिएर रन्थनिएका देखिन्थे।

ती त ओखलढुङ्गे पो रहेछन्। यो उनि छटपटाएपछी भने र थाहाँ पाइयो। बिचरा जब बेहोसीबाट बिस्तार बिस्तार ब्युँझिएर उठ्यो तबबाट ओखलढुङ्गे केटोले केही उपादेयता खोज्न पर्छ भन्ने ठानेछ क्यार उस्ले नयाँ नाम लिस्ट बनाउन लाग्छ। लिस्ट अनुसार नै होला उस्को लागि भरपर्दो जङ्गल पार्टीलाई सम्झन्छन् र त्यही पुग्छन्। त्यहाँ पुग्नुको कारण सायद कहि न कहि केही न केही गलत मुद्दामा संलग्न भएकाहरू तिनलाई थाहा भएकोले उनी त्यहाँ पुगे। नभन्दै जङ्गली टिममा केही पहेला धातु काण्ड देखा पर्न थालिसकेका थिए।

पछि के थाहा पाइयो भने पहेलो धातु त नयाँ जङ्गलीहरूको खाजा खाने खजाना बिस्कुट पो रहेछ। ती फेरि कति रिष्टपुष्ट देखिन्थे भने कुरै नगरौं।

बिचरा ती ओखलढुङ्गे केटोले राहात महसुस गरेजस्तो प्रस्टै देखिन्थ्यो। पछि त कथा जति अगाडी बढ्छ कस्तो रमाईलो सिन देखिन्थ्यो भने, पहेलो बिस्कुटलाई खाजा बनाएर खानेहरू अनि राता राता चक्रे काठका दाउरामा बसेर घासेकिरा सँगै ग्वाम ग्वाम पार्टी खान बसेका रमाईलो सिन। एकाएक सिन बद्लिन्छ। ओखलढुङ्गे केटो पैसाकै डस्ना र सिरानी सिएर त्यस्मै सुत्ने योजना पो बनाउँछ। केटो लाग्छ त्यो सिरक डस्ना बनाउनतिर। ओखल्ढुङ्गे केटो बहिर जान निक्लेको मात्रै के खोजेको थियो, झापाली डन देखि सबै मिलेर बाहिर जाने सबैबाटो भरि पर्खाल पो लगाईदिइ सकेका रहेछन्। केटो फेरि एकछिन रन्थनिन्छ। यही समयमा जङ्गलराजका प्रमुख भन्दा तलका एकजना रङ्गिन दुनियाँको कथा सुनाउने कार्यक्रम बनेको भनेर बुटवल तिरको पैसाको एउटा घर कुर्न लगाएको पालेले पो एकाएक खबर गर्छ। ओखलढुङ्गे केटो अबभने दङ्ग पर्छ, र हत्त न पत्त कथा सुन्न जान्छ त त्यहा पनि फेरि पहेलो बिस्कुटको खाजा खानेहरू देख्छ। उस्को पालो पहिला सबैको कथा सुन्छ र अन्तिममा आफ्नो कथा सुनाउन प्रस्ताव गर्छ र कथा सुनाउदै जान्छ। हेर्नुस हजुर बिस्कुटले कहिलेकाही क्षरपाटी पनि लाग्न सक्छ। उसले एउटा प्रस्ताव राख्छ- आफू विदेश नगई नहुने भएकोले पर्खालमा प्वाल पारिदिन र निस्किसकेपछी प्वाल टालिदिन भन्छ। निर्णयाधिकारि हौसिदै त्यो काम तुरून्त गर्न मान्छे खटाईदिए !

ओखलढुङ्गे केटो लाग्यो सिरक डस्ना बनाउन विदेश ! जब केटो विदेश पुग्छ नि उस्ले नेपालको घट्ना सुनाउन थाल्छ।

मेरो भकारी नामको सहकारी थियो। के गर्नु म अभागिको खप्पर नै सानो। एक नाइके अमेरिकन दाजुले जब २१ तोपे सलामी खाने अनुमति पाए नि, तीनछक परे। महाराजाको जिन्दगी बिताउने योजना समेत थियो, त्यो सबै तुहियो। एक्कासी झापाली डन सरले २१ तोपेलाई एउटा सिङ्गै घर रेखदेख गर्ने जिम्मेवारी दिने खबर पाए। म आफैं शुभकामना पनि दिएकै थिए।

केहिदिन मात्र के बितेको थियो, साथीले त्यो घर त जागिरले खाएको भुतघर पो रहेछ भन्छ यार। भन्दै भन्दै त्यो भुतघरमा फेक करेन्सि आमदानीको श्रोत पनि भएको थाहा पाए नि भन्छ। यत्ती सुनिसकेपछी थप नयाँ कार्य गर्ने योजना बनाए, पाले साथीलाई सहयोग गर्न भने।

यो हाम्रो संयुक्त योजनाको सुईको कताबाट पहेलो बिस्कुटलाई ओहरदोहर गर्न सघाईदिने एकजना पहिले भटेनी तिरका अहिले किभका अधिकारी जो सधै निलो लुगामा देखापर्छन्, तिनले पो थाहा पाएछन्। त्यसपछि निले अधिकारीको पो निद उडेछ। यस्को कारण रहेछ, उनले बिस्कुट ओहरदोहर गर्दा दुई चारवटा पुरिया खल्तिमा हाल्ने गरेका रहेछन्। त्यो मेरो नयाँ जागिरे केटोले थाहाँ पाएको रहेछ। बचाइदिन म कहाँ आइपुगेको रहेछ। म फेरि दयालु मान्छे- हुन्न किन भन्थे र। मैले निले दाजुलाई सक्दो कोसिस के गर्न थालेको थिए, जागिर खाँदा उल्टो कागजपत्र बुझाएको उस्को हाकिमले थाहा पाउने बित्तिकै एकमहिनामै निकाला गरिदिइ त हाल्यो। त्यसपछि त केको हुन्थ्यो। पछि त मैसँग पो त्यो निलेले उल्टो निहुँ खोज्न थाल्यो। मेरो पालो नसकिने भो भनेर पर्खालको प्वालबाट टाप कसेर आईपुगे विदेश।

बिदेश आएपछी पनि छाडेनन्। मेरो पैसैपैसाको घरका सदस्यले निहु खोजेर कस्को उक्साहटमा हो उजुरी गरेछन्। मेरो केटोलाई पनि त्यस्कै घानमा मुछेछन्। त्यो सुनौलो पैसैपैसाको घरमा महाराजा हुने योजनाको प्रमुख म थिएँ। तर मेरो केटो निकै आत्तिएको छ। मैले केही गर्न सक्ने अवस्था पनि भएन। म फिल्म अगाडिको ट्रेलर मात्र हेरिरहेको छु। हेर्दै जाउ अगाडी। तर रमाईलो के छ भने बिचरा ती मेरा हजारौं सदस्यले उजुरी जति गरेपनी म आफू विदेश भएकोले के कसरी न्याय पाउलान् भनेर अहिले सोचिरहेको छु।

मेरो नामबाट समाचार बनाईरहेको हेरिरहेको छु। म दोधारमा छु। कहिले त मलाई लाग्छ- मलाई पनि भगवानको दर्शन पो गराउछन् कि क्या हो !

जे होस् मुख्यकर्ता म नै भएकोले सारा समस्याको निदान गर्ने मूल दायित्व मेरो नै हो। नत्र उहीं हाम्रो देशमा चली आएको कथा माथिका कथाहरू...बाँकी यहाँहरूले सुनाउने कि !

गोविन्द बोहरा -ब्रह्माण्ड', हाम्रो पार्टी नेपालका केन्द्रिय संयोजक।

अन्तिम पातो - शाश्वत शर्मा

किन सशक्त आन्दोलन हुन्न ?

जनतामा चरम असन्तुष्टि र आक्रोश छ तर सशक्त आन्दोलन हुन्न किन ? यतिविघ्न मान्छे छन्, तर भ्रष्टहरूको विरूद्ध सशक्त आन्दोलन हुनै सक्दैन । यसको अर्थ अधिकांश छद्मभेषी छन् । उता पनि ठिक, यता पनि ठिक भन्नेहरू छन् ?

जसरी पार्टीहरूले नयाँ नेपाल बनाउँछौं भनेर गुलियो चटाएर जनताको आँखामा छारो हालिरहे, त्यसैगरी परिवर्तनका लागि आन्दोलन गर्नेहरूले निराश र आक्रोसित जनतालाई सपना बाँडेर झुक्याइरहेका त छैनन् ? स्थिति हेर्दा त्यस्तै देखिन्छ । राप्रपा जसरी हिजो सत्तामा झुम्मियो, वर्तमान राप्रपा पनि त्यस्तै हिलोमा गाडिएको छ । युवा अध्यक्ष आए, अब त परिवर्तन हुन्छ भनेको त सपना जस्तै हुनथाल्यो । लामो समय भयो, राप्रपाले आन्दोलन गरेको, त्यसपछि मौन छ । एकजना राप्रपाका नेताले ज्यानै गुमाए पश्चिम तिर । त्यो शोकमा परेको राप्रपा आज पनि शोकमै छजस्तो छ । कांग्रेसको महाधिवेशनमा नेतालाई देख्यो कि जनताले चोर भन्न थाले भनेर चर्चित बनेका राप्रपा अध्यक्ष लिंगदेन पार्टी मिलाउन नसकेर घाइते छन् भनिन्छ । यो पद्धति फर्याँकेर राजतन्त्रसहितको प्रणाली ल्याउनुपर्छ भन्ने लाइनमा कोही छन् भने तिनलाई अपमानित गर्ने र यही व्यवस्थामा तर मार्नुपर्छ भनेजस्तो गर्न थालेका छन् । हुनसक्छ, भोलिका दिनमा अरू कुन कुन नेता लिंगदेनको लाइनमा उभिएलान् ?

केशर विष्टको राष्ट्रिय शक्ति र दुर्गा प्रसाईको संयुक्त आन्दोलन कतै कतै झिना मसिना देखिन्छन्, जुलुस र नारावाजी पनि गर्छन् । ती सबै एकदिने, एकछिने हुने गरेका छन् । आन्दोलनका नाममा आन्दोलन गरेर केही हुनेवाला छैन । मिडियामा, सामाजिक सञ्जालमा विष्ट र प्रसाईको ठूलै आन्दोलन देखिन्छ तर सडकमा नाममात्रको मात्र । यो आन्दोलन भनेको जनतालाई कथित परिवर्तनको चास्नी चखाउनेमात्र हो । अरू राजावाजी र हिन्दुधर्मवादी पनि छन्, यो व्यवस्था सकियो भन्छन्, व्यवस्था चलिरहेको छ, भ्रष्टहरूले देश र जनतालाई लुटिरहेका छन् । कहाँ सकियो व्यवस्था ? न त जनताको अवस्थामा सुधार आयो, न यो व्यवस्था नै सकियो ? भ्रममात्र छ । जो व्यवस्था परिवर्तनमा लागेका थिए, ती सबै नटवरलाल पो निस्किए ।

प्रत्येक आन्दोलनकारीले भनेका थिए, भ्रष्ट जेल पर्छन्, भ्रष्ट नेताको भागाभाग हुन्छ, यिनले लुटेको सम्पत्ति जफत हुन्छ । विष्ट, प्रसाई र राजतन्त्रवादीले आन्दोलन गर्ने नाममा अर्को नौटङ्की सुरू गर्ने भएका छन् । रत्नकमल बैद्य नामका पुराना राजावादीले माइतीघर्तिर आन्दोलन गर्ने प्रयास गरे, नेपाल बचाउन र देशमा शान्तिसुरक्षा तथा समृद्धिको लागि राजा नभई हुँदैन पनि भने । कसले सुन्ने र ? जति पनि व्यवस्थाविरोधी, राजतन्त्रवादी देखिएका छन्, अधिकांश छद्मभेषी रहेछन् । त्याग, बलिदान र आन्दोलनलाई आगो बनाउन सक्ने ल्याकत कसैमा रहेनछ । आन्दोलन, व्यवस्था परिवर्तन, राजतन्त्र पुनर्स्थापना ठट्टा पो हुनथाल्यो । यस्ता लूर नभएका आन्दोलनले यिनै भ्रष्ट र लोकतन्त्रलाई लूटतन्त्र बनाउनेहरूलाई बलियो पो बनायो ।

बेला बेलामा आन्दोलनका नारा किन लाग्छन्, साना ठूला जुलुस किन निस्कन्छन्, ती जुलुसहरू फेरि किन सेलाउँछन् ? प्रश्न गम्भीर छ । विश्लेषक भन्छन्- चर्चित हुन, खल्ती भर्न, गणतन्त्रवादीको इसारालाई मलजल गर्न । राजतन्त्रको उचाइ र लोकप्रियतालाई मत्थर पार्ने षड्यन्त्र पो हुनथाल्यो । यस्ता खाले प्रवृत्तिलाई जनताले चिन्नुपर्छ, किनकि यिनले जतिबेला पनि स्वार्थका लागि धोका दिनसक्छन् । आफै र आफ्ना सन्ततीका लागि अस्तित्व जोगाउने हो भने आमनागरिकले स्वतःस्फूर्त आन्दोलन गर्नुपर्छ, आन्दोलनलाई सुनामी बनाउन सक्नुपर्छ । अनिमात्र परिवर्तन हुन्छ, लुटाह र भ्रष्टहरूको सातो जानेछ । जनताले धेरै धोका पाइसके, अब सचेत हुनुपर्छ ।

अब त सीके राउत पनि आन्दोलन गर्ने भन्दैछन् । यिनै सीके राउत प्रधानमन्त्रीको चीन भ्रमणमा साथसाथै गएका छन् । यिनको आन्दोलन सत्ता हो भन्ने बुझौं । चियाको कपमा तुफान ल्याएर न भ्रष्ट सत्ता ढल्छ, न व्यवस्था नै । यी दुबै नढल्नु भनेको जनताले अरू सकस भोग्नु हो, लोकतन्त्रे जुकाहरूलाई अरू रगत चुसाउनु हो ।

जनताले विद्रोह गर्नुको विकल्प छैन । एउटा योग्यपात्र अघि सर्नुपर्छ, आगो सल्काउनु पर्छ, जनडढेलो लागिहाल्छ । यो पक्का छ । सामाजिक सञ्जाल र भाषणमा असन्तुष्टि पोखेर केही हुनेवाला छैन । जनताले राष्ट्रका लागि दुःख गनैपर्ने भयो ।

नेतृत्वले स्वार्थ हेरे, मुलुक र मुलुकबासी हेरेनन् । जनता पनि जागेनन् भने कसको के लाग्छ ? कोठा कोठमा बसेर यी भ्रष्टहरूले राष्ट्र सिध्याएको हेरेर बस्ने कि अस्तित्व रक्षाका लागि सडकमा उत्रने ? निर्णय जनताकै जिम्मा भयो ।

महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुनसक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुनसक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्,

आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

धमाधम प्रसारण लाइनको ठेक्का

एमसीसी अन्तर्गत ४ सय केभी प्रसारण लाइनको ठेक्का आह्वान गरिएको छ । २९७ किलोमिटर लामो प्रसारण लाइनको सूचनाअनुसार प्लान्ट डिजाइन, आपूर्ति, वितरण, स्थापना र परीक्षणका लागि बोलपत्र आह्वान गरेको जनाइएको छ । एमसीसीलाई असफल पार्न भारतीय ठेकेदारहरूले ६६ प्रतिशत उच्च बोलपत्र लागत प्रस्ताव गरेकाले बोलपत्र रद्द गरिएको थियो । यो नयाँ टेन्डर आह्वान हो ।

बेला बेलामा दूतावासले सार्वजनिक जानकारी दिने गरेको छ । अमेरिकी दूतावासले सामाजिक सञ्जालमा लेखेको छ- *एमसीसी नेपाल कम्प्याक्टः १००% पारदर्शी अमेरिकी अनुदान !*

के तपाईंलाई थाहा छ ? एमसीसी परियोजनाका कागजातहरू सबैका लागि खुला, पारदर्शी र सहजै पहुँचयोग्य छन् । हामी खुला, न्यायसंगत र प्रतिस्पर्धी बोलपत्र प्रक्रियामा विश्वास गर्छौं र हाम्रो प्रक्रिया १००% पारदर्शी छ ।

हाम्रो ६-भागको श्रृङ्खला हेर्नुहोस् जहाँ हामी एमसीसी नेपाल कम्प्याक्टका प्रमुख तथ्यहरू र यसको प्रभावशाली विकासकावारे जानकारी दिनेछौं ! *तपाईं Millennium Challenge Corporation – MCC को प्रगति रिपोर्टहरू र सम्झौताहरू यी दुई वेबसाइटहरू – mcc.gov / mcanp.org - बाट सजिलै पढ्न सक्नुहुन्छ ।MCC Nepal Compact: A 100% Transparent U.S. Grant!*

#DYKœ MCC project documents are open, transparent, and available to every-one. You can easily access Millennium Challenge Corporation - MCC progress reports and agreements at these two websites – mcc.gov and mcanp.org

We believe in open, fair, and competitive bidding processes and our process is 100% transparent.

Stay tuned for our six-part series, where we'll cover the key facts about the MCC Nepal Compact and its transformative impact! #MCCNepal

एमसीए नेपालले ३१५ किलोमिटर लामो प्रसारणलाइन परियोजनालाई चार भागमा बाँडेर निर्माण प्रक्रिया अघि बढाउँदैछ । त्यसमध्ये न्यु बुटवल-गोरखपुर प्रसारणलाइनको नेपालपट्टिको १८ किलोमिटर खण्डको ठेक्का १ करोड २४ लाख अमेरिकी डलरमा ट्रान्सरेल लाइटिङ लिमिटेडसँग १४ भदौ ०८१ मा सम्झौता भएको थियो । उक्त प्रसारण लाइन २१ महिनाको अवधिमा निर्माण सम्पन्न हुनेछ ।

एमसीए नेपालले यो बाहेक प्रसारणलाइनको पहिलो लटमा लप्सीफेदी-रातमाटे-न्यू हेटौंडा खण्ड पर्छ । दोस्रो लटमा रातमाटे-न्यू दमौली खण्ड र तेस्रो लटअन्तर्गत न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन पर्ने भनेको छ । प्रसारण लाइनको निर्माणका लागि बोलपत्र प्रस्तुत गर्ने समयसीमा १७ माघ २०८१ सम्म राखिएको छ । एमसीए नेपालका अनुसार यसपल्ट ठेक्कामा धेरै सुधार गरिएको छ । बाँकी २ सय ९७ किमि प्रसारण लाइन निर्माणका लागि बोलपत्रदाताहरूको अभिरूचि बढ्ने र प्रतिस्पर्धात्मक बोलपत्रहरू आकर्षित हुने एमसी नेपालको विश्वास छ ।

एमसिए-नेपाल, नेपाल सरकार तथा एमसीसीका वातावरणीय एवं सामाजिक मापदण्डको पालना गर्दै प्रसारण लाइन निर्माण कार्य सफल पार्ने भनेको छ ।

एमसीसीको ५० करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९ करोड ५० लाख अमेरिकी डलर योगदानमा विद्युत् प्रसारण लाइन, सबस्टेसन र सडक सुधार आयोजना ५ वर्षभित्र पूरा गर्ने लक्ष्य छ ।

त्यसमध्ये ३ सय १५ किलोमिटर ४ सय केभी क्षमताको प्रसारण लाइन, ४ सय केभीकै तीनवटा सबस्टेसन तथा दाडकौ भालुबाडेखि बाँकेको शिवखोलासम्म ७७ किलोमिटर सडक स्तरोन्नति गर्ने तीन परियोजना रहेका छन् ।

५ वर्षमा निर्माण नभए अनुदान फिर्ता जानेछ । गत वर्षको १३ भदौमा कार्यान्वयन सुरू भइसकेको छ । नेपाल र अमेरिकाबीच २०७४ भदौ १४ मा सम्झौता भएर संसदबाट प्रस्ताव पारित भइ कार्यान्वयनमा गएको हो ।

पैसा दिने अभागी जेलमा, लुट्ने छुटे

लीलावल्लभ अधिकारी, कोशीको मन्त्री थिए, उनले जापानमा ३ जनालाई मानव तस्करी गरेको थाहा पाएर जापानले डिपोर्ट गरिदियो । नेपाल फर्केपछि पैसा ख्वाउने अभागीहरू थुनिएछन्, पैसा खाने लीलावल्लभ सत्ताको दुरूपयोग भएछ, सरकारी वकिलको आदेशले उम्केछन् । लीलाले लीला देखाएकै हुन्, खाएकै हुन्, तर उम्किए ।

सार्वजनिक प्रचारमा छ- मानव तस्करीमा मुछिएका एमाले पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउन महान्यायाधिवक्ताले दबाब दिएका थिए । राजनीतिक प्रभावमा उन्मुक्ति दिनु गलत हो । विधिको शासन मार्ने यसैगरी हो । सानालाई ऐन, ठूलालाई चैन फेरि चरितार्थ भयो ।

लीला बल्लभलाई मुद्दा चलाउनु पर्छ भनेर सर्वोच्च गुहार्दा पनि सर्वोच्चले निवेदनमा दरपीठ गरिदिएको छ । फेरि निवेदन जँदैछ ।

प्रहरीको अनुसन्धानले लीलासहित १२ जनाविरूद्ध मुद्दा चलाउन सिफारिस गरे पनि सरकारी वकिलको कार्यालयले अनुसन्धानमा सघाएको नाममा लीलालाई उन्मुक्ति दिएको छ ।

मानव तस्करी मात्र होइन, सरकारी कागजात किर्ते अभियोगमा समेत मुछिएका एमाले नेता तथा कोशीका पूर्व आन्तरिक मामिलामन्त्री लीलावल्लभ अधिकारीलाई उन्मुक्ति दिन एमालेले जिल्ला सरकारी वकिललाई दबाब दिएको खुलासा भएको छ । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री छन् भने महान्यायाधिवक्ता रमेश बडाल एमालेका विश्वासपात्र हुन् । यति भएपछि एमालेलाई पञ्चखत माफीहुनैपर्थ्यो ।

पैसा खाने मन्त्री, एमाले नेताले उन्मुक्ति पाए, पैसा खुवाउने पीडितसहित अन्य ११ जनालाई मात्रै सोमवार मुद्दा चलाइएको थियो । भनिन्छ, महान्यायाधिवक्ता बडालले सहन्यायाधिवक्ता सन्देश श्रेष्ठ र जिल्ला न्यायाधिवक्ता सीताराम अर्यललाई आफ्नो कार्यालयमै बोलाएर दबाब दिएका थिए । त्यसपछि मुद्दाले यू टर्न लियो । मन्त्रीले अनुसन्धानमा सघाएको तथा पर्याप्त प्रमाण नपुग्ने कारण देखाएर लीलालाई मुद्दा नचलाउने निर्णय भएको थियो । यस्ता मुद्दा महान्यायाधिवक्तासम्म पुग्ने र अनिमात्र मुद्दाको निर्णय हुने प्रचलन रहेको स्रोतले बताएको छ ।

यसघटनाका प्रतिवादी गोपाल भनिने योगराज गौतमलाई पूर्वमन्त्री अधिकारीले नै ११ पटक फोन गरेको देखिन्छ भने योगराजले उनलाई १२ पटक फोन गरेको देखिन्छ । मुख्य विचौलिया महेश पाण्डे र योगराजले १८ पटक तथा पाण्डेले योगराजलाई २१ पटक फोन गरेको रेकर्ड देखियो । अधिकारीसँगै गएका कञ्चन देवकोटा, जनक राई र दाबा शेर्पा पनि वार्तामा देखिन्छन् । यति हुँदा पनि लीलावल्लभ छुटे, पैसा खुवाउने मुद्दामा फसे ।